मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर. फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १७६ ★ ने. सं. ११४६ दिला थ्व, चतुर्थी ★ शनिबार ★ २ साउन, २०८३ ★ July 18, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## अध्यक्ष रोहितको चिनियाँ भाषामा अनुदित 'जेलका चिठीहरू' पुस्तकको विशेष समारोहबिच विमोचन




भक्तपुर, १ साउन । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले बाल विकास इङलिस सेकेन्डरी स्कूलको आयोजनामा चिनियाँ भाषामा अनुदित 'जेलका चिठीहरू' पुस्तकको शुक्रबार एक विशेष समारोहबिच विमोचन गर्नुभयो ।

प्रमुख अतिथि बिजुक्छेँले पुस्तकबारे चर्चा गर्दै भन्नुभयो, "यस चिठीको चिनियाँ भाषाको अनुवादले साधारण चिनियाँ जनताले तत्कालीन नेपालका कला-संस्कृति, नेपाली जनताका सुख-दुःख र समाजबारे प्रत्यक्ष देखेको अनुभव गर्नेछन् । चिनियाँ जनताले आफ्नै भाषामा वर्तमान नेपालबारे लेखिएका पुस्तकहरू कमै होलान् भन्ने म ठान्छु । यस चिठीबाट चीनको नयाँ पुस्तालाई पनि नेपालबारे मात्र होइन आफ्नै देशको हिजोको सुख-दुःखबारे पनि जिज्ञासा राख्ने सम्भावना छ । यसले नेपाली र चिनियाँ जनतामा आपसको सामाजिक र राजनीतिक विषयमा प्रत्यक्ष जानकारी हुनेबारे कुनै दुविधा हुनेछैन ।"

अध्यक्ष बिजुक्छेँले आफ्नो नयाँ पुस्तक प्रकाशनबारे भन्नुभयो, "'भियतनाम परिचय' मा आजको भियतनाम, होचि मिन्ह र संसारको प्रथम महिला सेना नेतृबारे तथा अन्य विषय पनि गाँसेर प्रकाशित गर्ने विचारमा छु । त्यसमा भियतनाम, लाओस र कम्बोडियाबारे पनि जानकारी दिने मनमा राख्दै आएको छु । समयले साथ दिएमा त्यसबाट पनि नेपाली भाषाको सेवा हुने भन्ठान्छु ।"

रूसी लेखक तोल्स्टएको निर्दोष व्यक्तिहरू हत्याको मुद्दामा लामो समयसम्म अमानवीय सजाय भोगिरहेका कथाहरूबाट प्रभावित भएको चर्चा गर्दै उहाँले आफू जेलमा बस्दा सोफा बन्दीहरूलाई पढाउने काम गरेको उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "सन् १९७० देखि १९८० सम्म सङ्गठनको निर्णयअनुसार भारत प्रवासमा गई नेपाली जनताको सेवामा लागेँ । प्रगतिशील साहित्य र कम्युनिस्ट आन्दोलनको सैद्धान्तिक स्पष्टताको निम्ति काम गरेँ; 'जनताको साहित्य' साहित्यिक प्रकाशन चालू राखेँ; 'जनताको साहित्य र साहित्यकार' एक सरल पुस्तक लेखेँ र समयमै प्रकाशित भयो ।

नेपाल र भारतको सीमाको निम्ति केही भारतीय प्रगतिशील र साथीहरूसँग मिलेर हिन्दीमा 'आधार', 'समाचार संसद्', 'ध्रुवतारा' र 'नेपाल तराई' हिन्दी भाषामा प्रकाशित गरियो । पछि 'आधार' नेपाली भाषामा प्रकाशित गरियो । नेपालमा बस्दा आफ्ना नामबाट पुस्तक प्रकाशित गर्न नमिल्ने हुँदा 'हरिबहादुर श्रेष्ठ' को नाम प्रयोग गरेँ । प्रवासमा बस्दा केन्द्रीय समितिमा 'रोहित' को नामबाट काम गर्थें । त्यस्तै 'रामबहादुर ज्यापू' र अन्य उपनामहरू पनि प्रयोग गर्ने गर्थें । 'नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन'

बाँकी पृष्ठ २ मा

## महासचिव किम जोङ उनद्वारा चिनियाँ पार्टी र सरकारी प्रतिनिधिमण्डलसँग भेटघाट



प्योङयाङ, जुलाई १७ (केसीएनए) । कोरियाली मजदुर पार्टीका महासचिव तथा प्रजातान्त्रिक जन गणतन्त्र कोरियाको राज्य मामिला आयोगका अध्यक्ष किम जोङ उनले बिहीबार चिनियाँ कम्युनिस्ट पार्टीको राजनीतिक ब्युरोको स्थायी समितिका सदस्य वाङ हुनिङको नेतृत्वमा जनवादी गणतन्त्र चीनको पार्टी र सरकारको प्रतिनिधिमण्डलसित भेट गर्नुभएको छ । चिनियाँ जनराजनीतिक परामर्शदातृ सम्मेलनको समितिले प्रजग कोरिया-चीन मैत्री, सहयोग र पारस्परिक सहायता सन्धि सम्पन्न भएको ६५ औँ वार्षिकोत्सवको अवसरमा प्रजग कोरियाको औपचारिक सद्भावना भ्रमण गरेको हो ।

सो अवसरमा प्रजग कोरियाका लागि चिनियाँ राजदूत वाङ याजुन पनि उपस्थित हुनुहुन्थ्यो ।

महासचिव किम जोङ उनले वाङ हुनिङ र प्रतिनिधिमण्डलका प्रमुख सदस्यहरूसँग खुसीसाथ भेट र न्यानो अभिवादन आदानप्रदान गर्नुभयो ।

वाङ हुनिङले चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिका महासचिव तथा चिनियाँ राष्ट्राध्यक्ष सी चिन फिङको तर्फबाट किम जोङ उनलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभयो ।

महासचिव किम जोङ उनले यसको लागि गहिरो धन्यवाद व्यक्त गर्नुभयो र वाङ हुनिङलाई सी चिनफिङलाई आफ्नो शुभकामना सन्देश पठाउन आग्रह गर्नुभयो ।

पार्टी र जनगणतन्त्र चीन सरकारी प्रतिनिधिमण्डलको प्रजातान्त्रिक गणतन्त्र कोरिया भ्रमणलाई हार्दिक स्वागत गर्दै किम जोङ उनले प्रजग कोरिया-चीन सम्बन्धलाई महत्त्व दिने र प्योङयाङ शिखर सम्मेलनको क्रममा भएका सहमतिलाई कार्यान्वयन गर्ने दृढ इच्छाशक्तिको उच्च कदर गर्ने बताउनुभयो ।

प्रजग कोरिया-चीन मैत्री, सहयोग र पारस्परिक सहायता सन्धि, द्विपक्षीय सम्बन्धको रणनीतिक चरित्र परिभाषित गर्ने र यसको रणनीतिक दिशालाई अगाडि बढाउने अन्तरराज्यीय सन्धिले दुई देशको आधारभूत हितको रक्षा गर्न र क्षेत्रीय तथा विश्वव्यापी शान्ति र सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभयो । प्रजातान्त्रिक गणतन्त्र कोरिया सरकारले सन्धिको भावनाको आधारमा र परिवर्तनशील समयको आवश्यकता र दुई देशका जनताको आकाङ्क्षा र चाहनाको आधारमा विभिन्न क्षेत्रमा समाजवादसँगको परम्परागत मैत्रीपूर्ण र सहकारी सम्बन्धलाई अझ बलियो रूपमा विकास गर्नेछ ।

प्रतिनिधिमण्डललाई सौहार्दपूर्ण स्वागत गरेकोमा प्रजग कोरियाको पार्टी, सरकार र जनतालाई धन्यवाद दिँदै वाङ हुनिङले ऐतिहासिक प्योङयाङ बैठकमा दुई पक्ष र दुई देशका शीर्ष नेताबिच भएका सबै महत्त्वपूर्ण साझा समझदारी र सहमतिलाई व्यापक रूपमा कार्यान्वयन गर्न र राजनीतिक पारस्परिक विश्वास र द्विपक्षीय ऐक्यबद्धता र आपसी सहकार्यको विकास गर्न तयार रहेको बताउनुभयो ।

किम जोङ उनले महासचिव सी चिनफिङको नेतृत्वमा नयाँ युगमा चिनियाँ विशेषतासहितको समाजवादी उद्देश्यलाई कोरियाली मजदुर पार्टी र प्रजग कोरिया सरकारले सधैँ समर्थन गर्ने कुरा पुष्टि गर्दै चिनियाँ जनताले चिनियाँ कम्युनिस्ट पार्टीको स्थापनाको १०५ औँ वार्षिकोत्सव मनाउने र आधुनिक सामाजिक शक्ति निर्माणमा ऐतिहासिक उपलब्धि हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो । चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चिनियाँ राष्ट्रको ठूलो समृद्धि हासिल गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

## जनताको सेवा गर्न उत्पादनमुखी अर्थनीति आवश्यक

भक्तपुर, १ साउन । भक्तपुर नगरपालिकाको आयोजनामा सहकारी संस्थाको विगत र वर्तमान अवस्था, समसामयिक विषय तथा सहकारी क्षेत्रसँग सम्बन्धित विविध पक्षमा छलफल गर्ने उद्देश्यले शुक्रबार भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाका पदाधिकारीहरूको भेला भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले सहकारीले सदस्य तथा समुदायको आवश्यकतालाई प्राथमिकतामा राखी सामूहिक लगानी गरे सदस्यहरूमा आर्थिक गतिविधि बढ्नेछ भन्नुभयो ।

उहाँले सहकारी क्षेत्रका समस्या वर्तमान सरकारले मात्र समाधान गर्न नसक्ने उल्लेख गर्दै जनताको सेवा गर्न उत्पादनमुखी अर्थनीति आवश्यक पर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले राजनीति समाजको समस्या समाधान गर्ने नीति भए पनि राजनीतिमा संलग्न केही व्यक्तिको गलत गतिविधिका कारण जनतामा राजनीतिप्रति वितृष्णा बढेको बताउनुभयो ।




कृषि क्षेत्रलाई प्राथमिकता दिए देश आत्मनिर्भर बन्ने, रोजगारी सिर्जना हुने र जीवन सुरक्षासमेत सुदृढ हुने उहाँको भनाइ थियो । उपभोक्ता समितिमार्फत विकास निर्माणको काम हुँदा स्थानीय आर्थिक गतिविधि बढ्ने उहाँले उल्लेख गर्नुभयो ।

सहकारी क्षेत्रमा देखिएको बेथितिप्रति चिन्ता व्यक्त गर्दै उहाँले केही सञ्चालक बचत रकम लिएर फरार भएको घटनाले सहकारीप्रतिको जनविश्वासमा असर परेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "बैङ्क र वित्तीय संस्थाहरूमा १५ खर्ब ६० अर्ब रूपैयाँ अधिक तरलता भएको सार्वजनिक भयो । यसको अर्थ पैसाको मूल्य घट्ने अर्थात् मुद्रा अवमूल्यन हुने हो । सरकारले नीति कानुन बनाएर अधिक तरलतालाई लगानी गराएमा जनतामा आर्थिक गतिविधि बढ्नेछ र आर्थिक सङ्कट टर्नेछ । गत आवमा सरकारको पुँजीगत खर्च ४६.७९ प्रतिशत मात्र भएको आर्थिक सङ्कटको सङ्केत हो । यसले देशको बेरोजगारी बढाउनेछ ।"

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारी क्षेत्रमा देखिएको समस्याको मुख्य कारण नाफामुखी सोच भएको बताउनुभयो । उहाँले सहकारी सदस्यको हितमा काम गर्नुपर्ने सञ्चालकहरू नै व्यक्तिगत स्वार्थमा केन्द्रित हुँदा सहकारी क्षेत्रमा सङ्कट उत्पन्न भएको धारणा व्यक्त गर्नुभयो ।

उहाँले सेवा क्षेत्रसँगै उत्पादनमूलक

बाँकी पृष्ठ २ मा

### व्यङ्ग्यचित्र कुनो



# भनपा ७ को महेश्वरी खेल मैदानमा सरसफाइ कार्यक्रम



भक्तपुर, १ साउन । भक्तपुर नगरपालिकाको नियमित पाक्षिक सरसफाइ कार्यक्रमअन्तर्गत भनपा ७ को महेश्वरी खेल मैदानमा सरसफाइ कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, समाजसेवी, कर्मचारी तथा विभिन्न विद्यालय, टीम, क्लव, पुस्तकालय, सहकारी सङ्घ संस्था एवं स्थानीय जनसमुदायहरूको सहभागितामा सम्पन्न भएको उक्त सरसफाइ कार्यक्रममा वर्षात्ले जम्मा गरेको हिलो माटो, पानीपासमा जम्मा भएका हिलो माटो झारहरू सफा गर्नुका साथै दुबो कटिङ गरिएका थिए ।

कार्यक्रममा भनपा ७ का वडाध्यक्ष उकेश कवांले विगत लामो समयदेखि नगरपालिकाले सरसफाइ क्षेत्रमा कार्य गर्दै आएको बताउनुभयो ।

उहाँले नागरिक भावनाको विकास गर्न सके मात्र नगरपालिकाले गर्दै आइरहेको कार्य सफल हुने चर्चा गर्नुभयो ।

नगरवासीको स्वास्थ्य, शिक्षा तथा सरसफाइ क्षेत्रमा निरन्तर काम गरी आएको हुनाले सफा नगरको रूपमा भक्तपुरले परिचय बनाएको उहाँले बताउनुभयो ।

उक्त कार्यक्रममा ४ नं. वडाध्यक्ष उपेन्द्र सुवाल, हरिरत्न गोर्खालीलगायतले बोल्नुभएको थियो ।

# मङ्गलकुण्ड परिसरमा सरसफाइ कार्यक्रम

भक्तपुर, १ साउन । भक्तपुर नगरपालिका वडा नं. ३ नासमना टोलस्थित ऐतिहासिक एवं पवित्र मङ्गलकुण्ड परिसरमा बिहीबार सरसफाइ कार्यक्रम सम्पन्न भयो ।

धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण मानिएको मङ्गलकुण्ड परिसरमा मङ्गलेश्वर महादेव, वत्सला देवी, नृत्यनाथ, काशी विश्वनाथ, चाँगुनारायण, रामसीता एवं ६४ ज्योति लिङ्गेश्वरमध्ये लिङ्गेश्वर महादेव यसै स्थानमा रहेका छन् । साउन महिनाभरि हुने मेलालाई लक्षित गरी आयोजना गरिएको सरसफाइ कार्यक्रममा स्थानीय व्यक्तिहरू, छिकोङ महिला समूह, वडा नं. ४ का सदस्यहरू, वडा नं. ३ र ४ का वडाध्यक्षहरू एवं अन्य जनप्रतिनिधिहरू सहभागी भएका थिए ।

साउन महिनाको प्रत्येक सोमबार साँझ यस मङ्गलकुण्ड परिसरमा स्थानीयद्वारा भजन कीर्तन गर्ने कार्यक्रम रहेको छ । हरेक वर्ष भदौ शुक्ल सप्तमीका दिन यस मङ्गलकुण्ड परिसरमा ठुलो धार्मिक मेला लाग्दछ ।

यस वर्ष आगामी असोज २ गते भदौ शुक्ल सप्तमीका दिन विविध कार्यक्रम गरी मेला सञ्चालन गर्ने तयारी गरिएको छ । यस ऐतिहासिक एवं पवित्र मङ्गलकुण्डको प्रचारप्रसार एवं दीर्घकालीन विकासको लागि हालै स्थानीय भूनरेश जोशीको संयोजकत्वमा भक्तपुर नगरपालिका वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा तथा भक्तपुर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल पदेन सदस्य रहने गरी १५ सदस्यीय मङ्गलकुण्ड विकास तथा व्यवस्थापन समिति गठन गरिएको छ ।

# आ.व. २०८२/८३ को पर्यटन आगमनको वार्षिक प्रगति विवरण समीक्षा सम्पन्न



भक्तपुर, १ साउन । भक्तपुर नगरपालिका पर्यटक सूचना तथा सेवा केन्द्रको आ.व. २०८२/८३ को वार्षिक प्रगति विवरण समीक्षा कार्यक्रम भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिका संयोजक एवम् भनपा वडा नं. ९ का अध्यक्ष रवीन्द्र ज्याख्वको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका पर्यटक सूचना तथा सेवा केन्द्रका कर्मचारीहरूबिच बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा उहाँले भक्तपुर नगरपालिकाको पर्यटक सेवा शुल्क नै आन्तरिक स्रोतमा प्रमुख स्रोत रहेको अवगत गराउँदै कर्मचारीहरूले विगतमा भन्दा अझ प्रभावकारी ढङ्गले कार्य गर्न जोड दिनुभयो ।

उहाँले भनपामा प्राकृतिक स्रोतको कमी भएकोले आन्तरिक स्रोतमा पर्यटन प्रवर्द्धनबाट आन्तरिक स्रोतलाई थप मजबुत बनाउन नगरपालिका लागिपरेको बताउनुभयो ।

विगतमा अग्रजहरूले पर्यटक सेवा शुल्क सङ्कलन गर्न गरेको योगदान स्मरण गराउँदै नगरपालिकाले बाह्य पर्यटनका साथै आन्तरिक पर्यटन विकासलाई पनि महत्त्वका साथ पर्यटनकेन्द्रित गतिविधिहरू अगाडि बढाउने योजनाबारे जानकारी दिनुभयो ।

उहाँले यहाँको पर्यटन विकासका लागि नै नगरपालिकाले मूर्त तथा अमूर्त सम्पदाहरू संरक्षण गर्दै सरसफाइलाई विशेष जोड दिएको बताउनुभयो ।

उहाँले भक्तपुर नगरमा पर्यटनको विकास गर्न कर्मचारी, जनप्रतिनिधि, संस्कृतिकर्मी, सम्पदाविद्, इतिहासविद् र सरोकारवालाहरूसँग सल्लाह र समन्वय गरी नयाँ आ.व. २०८३/८४ का लागि थप योजना तथा कार्यक्रम प्रस्तावबारे छलफल गर्दै अगाडि बढिरहेको प्रस्ट पार्नुभयो । कर्मचारीहरूले ऐतिहासिक नगर भक्तपुरबारे जानकारी राखी पर्यटकहरूलाई सही सूचना प्रदान गर्न अध्ययनलाई जोड दिनुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीले भक्तपुरको विकासका लागि गरेका महत्त्वपूर्ण योगदानहरूबारे स्मरण गर्दै अग्रजहरूले भ्रष्टाचारविरोधी आन्दोलनबाट बहुसङ्ख्यक किसानहरूको हितका लागि काम गर्दै आइरहेको उहाँले बताउनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टी भ्रष्टाचारमुक्त समाज निर्माणको लागि सङ्घर्षरत रहेको र जनताको निःस्वार्थ सेवा गर्नु नै हाम्रो कर्तव्य हो भन्नुभयो ।

कर्मचारीहरू जनताहरूसँग प्रत्यक्ष सम्पर्कमा रहने हुनाले थप जिम्मेवार भई आफ्नो कर्तव्य पूरा गर्न पनि उहाँले जोड दिनुभयो । दैनिक कामकाजको सिलसिलामा अझ थप पारदर्शी ढङ्गले आर्थिक अनुशासनमा रही जिम्मेवारीका साथ काम गर्न पनि उहाँले सचेत पार्नुभयो ।

पर्यटक सूचना तथा सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले आ. व. २०८२/८३ सालको पर्यटक आगमन तथ्याङ्क प्रस्तुत गरी वार्षिक प्रगति समीक्षा गर्नुभयो ।

भक्तपुरमा आ.व. २०८२/८३ मा गैरसार्कतर्फ १,११,४४५ जना पर्यटक, सार्क तथा चिनियाँ पर्यटकतर्फ १,१०,५३१ जना गरी कुल २,२१,९७६ जना पर्यटकहरूले भक्तपुर भ्रमण गरेको जानकारी दिँदै भक्तपुरमा पर्यटनसम्बन्धी गतिविधि तथा पर्यटन क्षेत्रका चुनौतीहरूबारे पनि उहाँले जानकारी दिनुभयो ।

***अध्यक्ष...***

(मुख्य शत्रुको पहिचान र आन्दोलनबारे अवसरवादको विरोधमा) 'रुसी-संशोधनवाद सामाजिक - साम्राज्यवादमा पतन', 'नेपाल भारत सम्बन्ध र भारत', 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू', 'नेपालको तराईको किसान आन्दोलनबारे (ऐतिहासिक किसान आन्दोलन एक अध्ययन (बारा, रौतहट) धनुषा, सिराहा र सप्तरी ),' समाज विकासको एक झलक (१५-२० वर्षपछि मात्र यो पुस्तक नेपालमा प्रकाशित भयो ।) लेखेँ ।"

"भारत प्रवासको अन्तिम समयमा पार्टी (नेमकिपा) भित्र घुसेका त्रोत्स्कीवादी र आतङ्कवादीहरूको गोली प्रहारमा परेँ र बाँचेँ", उहाँले भन्नुभयो ।

विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईले 'जेलका चिठीहरू' सामान्य पाठकदेखि प्रबुद्ध व्यक्तित्वहरूले रूचाएको पुस्तक भएको र उक्त पुस्तकबाट कला-संस्कृति, सभ्यता, इतिहास, समाज र जीवन दर्शनबारे बुझ्न पाएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाली भाषाबाट 'जेलका चिठीहरू' प्रकाशित भएको १२ वर्षपछि अङ्ग्रेजी भाषामा प्रकाशित भयो । यी चिठीहरूले थप चमक पाएका धेरैले अनुभव गरे । यो पुस्तकबाट चिनियाँ मित्रहरूका निम्ति नेपाल र नेपाली संस्कृति एवम् समाज हेर्ने एउटा आँखीझ्याल बन्ने पूर्ण विश्वास छ । यो पुस्तक नेपाली जनता र चिनियाँ जनताबिचको सम्बन्ध थप प्रगाढ बनाउने महत्त्वपूर्ण हुने विश्वास छ ।"

डा. सर्वोत्तम श्रेष्ठले भन्नुभयो, "नारायणमान बिजुक्छेँको सन् २०१२ मा प्रकाशित 'जेलका चिठीहरू' पुस्तकको चिनियाँ अनुवाद प्रकाशित भएको छ; म उहाँलाई हार्दिक बधाई दिन चाहन्छु । पुस्तकका अनुवादकद्वय श्रीमती चाङ होङवेइ र प्रणय चित्रकारलाई पनि हार्दिक बधाई दिन चाहन्छु ।"

उहाँले थप्नुभयो, "अहिले चीन र नेपाल सरकारबिच २५-२५ वटा शास्त्रीय ग्रन्थको एक अर्काको भाषामा अनुवाद गरी प्रकाशित गर्ने परियोजना चलिरहेको छ । उक्त अनुवाद परियोजनाको नेपाल पक्षको विज्ञ समूहमा म चिनियाँ भाषा विशेषज्ञको रूपमा रहेको छु । मैले उक्त परियोजनालाई नेपाली पुस्तकलाई चिनियाँ अनुवाद गरी चिनियाँ बजारमा पुऱ्याउने दुर्लभ अवसरको रूपमा लिएको छु ।"

उहाँले भनुभयो, "चिनियाँ भाषा र नेपाली भाषा दुई धेरै फरक भाषा परिवार पर्ने भाषा भएको हुँदा तिनीहरूको वाक्य संरचना, शब्द निर्माण आदिमा कुनै समानता छैन, यसले गर्दा यी दुई भाषाबिचको अनुवाद कार्य असामान्य रूपले कठिन छ । यस पुस्तकका दुई अनुवादक दुई अलग मातृभाषाका भएका विद्वान हुन् । तसर्थ, दुईजनाको संयुक्त प्रयासले अनुवादले पूर्णता पाएको छ ।"

चिनियाँ प्राध्यापक गु झिकाओले जेलको चिठीको मर्मबारे चर्चा गर्दै भन्नुभयो, "सानो जेलले भौतिक शरीरलाई सीमित गर्न सक्छ तर मानवताको भाग्यको बारेमा सोच्ने महान् मनलाई सीमित गर्न सक्दैन ।"

उहाँले भन्नुभयो, "अध्यक्ष रोहितले भन्नुभएझैँ हामीसँग मेहनती, कामदार र सिपाहीहरूको कमी छैन । लाखौँ नेपालीहरू शारीरिक श्रम गरेर जीविकोपार्जन गर्न विदेश गएका छन् तर 'बौद्धिक कामदार' धेरै कम छन् ।"

पुस्तकका अनुवादक चाङ होङवेइले भन्नुभयो, "मैले यो पुस्तक अनुवाद गर्ने जिम्मेवारी स्वीकार गरेको क्षणदेखि नै आफ्नो काँधमा ठुलो जिम्मेवारी आएको महसुस गरेको थिएँ। मेरो लागि यो अनुवाद भाषाको परिवर्तन मात्र थिएन; यो त एक प्रकारको लामो, शान्त तर निरन्तर मन छुने आत्मिक संवाद थियो । जब मैले पहिलोपटक जेलका चार पर्खालभित्र लेखिएका यी पत्रहरू एक-एक शब्द पढ्न थालेँ; मैले सबैभन्दा पहिले जेल-जीवनको अँध्यारो र कठिनाइ होइन, बरू कागजका प्रत्येक पानाबाट देखिने जीवनको बलियो ऊर्जा महसुस गरेँ।"

उहाँले भन्नुभयो, "यी पत्रहरूले रोहितज्यूले जेलभित्र न्याय, लोकतन्त्र र समाजका लागि गरेको सङ्घर्ष, उहाँका विचार, दृढ सङ्कल्प र आत्मविश्वासलाई इमानदारीपूर्वक देखाउँछन् । तर, पुस्तकभरि कतै पनि गुनासो छैन, निराशामा हार मानेको भावना छैन । प्रत्येक हरफमा परिवारप्रतिको गहिरो माया, जीवनप्रतिको साँचो सोच र कठिन परिस्थितिमा पनि आफ्नो आत्मा, मानवता, नेपाली संस्कृति तथा वास्तुकलाप्रतिको स्पष्ट सोच र आशाको भावना देखिन्छ । यस पुस्तकले पति-पत्नीबिचको प्रेममात्र होइन, राजनीतिक सीमालाई पनि पार गर्दै जीवन, समाज र आशाबारेको गहिरो मानवीय भाव प्रस्तुत गर्दछ ।"

कार्यक्रमका सभापति एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिले विद्यालयले शिक्षाको क्षेत्रबाट मात्र होइन साहित्यिक तथा सामाजिक गतिविधिमार्फत देशको सेवा गरिरहेको उल्लेख गर्दै पुस्तकको प्रकाशनसँगै साहित्यमार्फत अन्तर्राष्ट्रिय समुदायको सेवातर्फ पाइला बढेको अनुभव हुन्छ भन्नुभयो ।

सो कार्यक्रममा काठमाडौँ विश्वविद्यालय कन्फुसियस सेन्टरका डाइरेक्टर एवं डा. लि., पुस्तक अनुवादक प्रणय चित्रकारले पनि प्रकाशित पुस्तकबारे बोल्नुभएको थियो ।

सृष्टि प्रधान र सोफियाले पुस्तक विमोचन र प्रकाशनको उद्देश्यबारे प्रकाश पार्नुभयो ।

***जनताको...***

गतिविधिलाई प्राथमिकता दिनुपर्ने बताउँदै सहकारीमा सदस्य स्वयं सचेत, जिम्मेवार र निगरानीकर्ता बन्नुपर्ने उल्लेख गर्दै सदस्य कमजोर हुँदा सञ्चालक स्वेच्छाचारी बन्ने अवस्था सिर्जना हुने बताउनुभयो ।

अपरिचित व्यक्तिलाई सञ्चालकको रूपमा विश्वास गर्न नहुने र पैसा सङ्कलन गरिसकेपछि जिम्मेवारी अरूको भरमा छोड्ने प्रवृत्तिले पनि सहकारी क्षेत्रमा समस्या बढाएको उहाँको भनाइ थियो । नगर प्रमुख प्रजापतिले सङ्कटमा परेका अधिकांश सहकारीमा पछि बाहिरबाट आएका व्यक्तिहरू सञ्चालक बनेको अवस्था देखिएको उल्लेख गर्दै त्यसले पनि सहकारीमा बेथिति निम्त्याएको बताउनुभयो ।

उहाँले विद्यालय तथा कलेजको सञ्चालक समितिमा कर्मचारी, जनप्रतिनिधि तथा राजनीतिमा सक्रिय व्यक्तिहरू बस्न नपाउने व्यवस्था निरङ्कुश प्रकृतिको भएको टिप्पणी गर्दै यस्तो व्यवस्थाले सार्वजनिक संस्थालाई कमजोर बनाउने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष तथा सहकारी समिति अध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर किसान सङ्घर्षको थलोको रूपमा परिचित रहेको उल्लेख गर्दै नवदुर्गा बहुमुखी बचत तथा ऋण सहकारी संस्थामा भएको अनियमितताले समग्र सहकारी क्षेत्रमा नकारात्मक प्रभाव पारेको स्मरण गर्नुभयो । उहाँले हालसम्म धेरै सहकारी संस्थाले बचतकर्ताको रकम फिर्ता गर्न नसकेको अवस्था रहेको उल्लेख गर्दै समस्या समाधानका लागि भक्तपुर नगरपालिकाले आफ्नो तर्फबाट आवश्यक पहल गरिरहेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले सहकारी क्षेत्रमा प्रभावकारी नियमनको अभाव रहेको बताउनुभयो । चक्रीय कोषसम्बन्धी व्यवस्थाबारे चर्चा गर्दै सहकारीको नियमित नियमन र जवाफदेहितालाई सुदृढ नगर्दा सहकारी क्षेत्रमा विभिन्न समस्या र बेथिति देखिएको उहाँले बताउनुभयो ।

सहकारी समाजका उपाध्यक्ष कृष्णगोविन्द लाखाले सहकारी ऐनबारे पुनर्विचार गर्नुपर्ने आवश्यकता औँल्याउँदै समुदायमा आधारित सहकारीहरूको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो । उहाँले सहकारी क्षेत्रमा सुशासन, पारदर्शिता र सदस्यको हितलाई केन्द्रमा राखेर कानुन कार्यान्वयन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहकारी समिति सदस्य नारायणप्रसाद त्वानाबासुले पनि सहकारी क्षेत्रलाई पारदर्शी, उत्तरदायी र सदस्यमुखी बनाउँदै विश्वास पुनःस्थापित गर्न सबै पक्षको साझा प्रयास आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

## सङ्क्षिप्त समाचार

# सङ्घीय सांसदलाई सम्पत्ति विवरण बुझाउन आग्रह

काठमाडौँ, १ साउन । सङ्घीय संसद् सचिवालयले प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यहरूलाई कानुनबमोजिम सम्पत्ति विवरण बुझाउन स्मरण गराएको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) बमोजिम तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) को प्रयोजनार्थ सङ्घीय संसद्का सदस्यहरूलाई आर्थिक वर्ष २०८२/८३ समाप्त भएको मितिले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउन आग्रह गरिएको हो ।

संसद् सचिवालयका उपसचिव अधिराज राईले सांसदहरूले आफ्नो वा आफ्नो परिवारका नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरणलाई खामबन्दी गरी सांसद सुविधा व्यवस्थापन शाखामा दर्ता गर्न अनुरोध गरिएको जानकारी दिनुभयो । *रासस*

# 'मास्टर्नी' को प्रवर्द्धनात्मक गीतमा शिक्षक महासङ्घको आपत्ति

काठमाडौँ, १ साउन । नेपाल शिक्षक महासङ्घले आगामी भदौ ५ गतेबाट प्रदर्शन हुने नेपाली चलचित्र 'मास्टर्नी' को प्रवर्द्धनात्मक गीतमा प्रयोग भएका शब्दमा असहमति जनाएको छ । महासङ्घले गीतमा प्रयोग भएका शब्दले शिक्षकका पेसाप्रति अपमानपूर्ण शब्दावली प्रयोग भएकाले सच्याउन आग्रह गरेको छ ।

महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी र महासचिव तुलाबहादुर थापाले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै महिला शिक्षकमाथि लाञ्छित, अपमानित शब्द र भाव प्रयोग गरिएको उक्त गीतले शिक्षक र शिक्षण पेसाको गरिमामाथि गम्भीर प्रहार गरेको जनाइएको छ । उक्त गीतलाई तुरुन्त बन्द गर्न र चलचित्रमा प्रयोग नगर्न महासङ्घले आग्रह गरेको छ । *रासस*

# स्रोत नखुलेको नगदसहित दुई जना पक्राउ

काठमाडौँ, १ साउन । डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१ त्रिपुराकोट बजारबाट स्रोत नखुलेको नगद रु. ५५ लाख ९० हजारसहित दुई जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरीकक्षका अनुसार नगरपालिका-७ छलका ३२ वर्षीय विष्णुलाल रोकाय र ४२ वर्षीय भक्तिचन्द्र रोकायलाई उक्त रकमसहित पक्राउ गरिएको हो । दुवैबाट छलतर्फ मोटरसाइकलमा गइरहेका उनीहरूलाई नियमित गस्तीमा रहेको प्रहरी टोलीले बुधबार पक्राउ गरेको जनाइएको छ । *रासस*



**कोसी ब्यारेज पुल :**
सुनसरी र सप्तरी जोड्ने सप्तकोसी नदीमाथिको कोसी ब्यारेज पुल । वर्षायाम भएकाले नदीमा पानीको बहाव बढ्न थालेपछि ब्यारेज क्षेत्रमा निगरानीसमेत बढाइएको छ । *तस्बिर: संगीता राई/रासस*

# कोसी नदी जलप्रवाह बढेपछि प्रशासन सतर्क, ब्यारेजको अनुगमन

धरान (सुनसरी), १ साउन । सप्तकोसी नदीमा जलप्रवाह बढ्दै गएपछि सुनसरी प्रशासनले विपद् प्रतिकार्य तयारीलाई तीव्र बनाएको छ । यस क्रममा प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेसहित सुरक्षा निकायका प्रमुखको टोलीले कोसी ब्यारेजको स्थलगत अनुगमन गरेको छ ।

कोसी ब्यारेजमा पानीको प्रवाह प्रतिसेकेन्ड एक लाख ५१ हजार १९५ क्युसेक पुगेको छ भने ब्यारेजका २० वटा ढोका खोलिएका छन् । कोसीमा जलप्रवाह प्रतिसेकेन्ड एक लाख ५० हजार क्युसेक पुगेपछि उच्च सतर्कताको सङ्केतस्वरूप रातो बत्ती बाल्ने गरिन्छ ।

अनुगमनपछि प्रमुख जिल्ला अधिकारी घिमिरेले बाढी, डुबान तथा कटानको जोखिमलाई मध्यनजर गर्दै जिल्लामा विपद् प्रतिकार्य योजना कार्यान्वयनमा रहेको बताउनुभयो । उहाँले विपद् व्यवस्थापनमा संलग्न सबै निकायको जिम्मेवारी स्पष्ट रूपमा निर्धारण गरिएको तथा आवश्यक कार्यविधि पनि तयार गरिएको जानकारी दिनुभयो ।

बर्खायाममा उद्धार, राहत, प्रभावितको सुरक्षित स्थानमा स्थानान्तरण तथा आवश्यक परे पुनःस्थापनाका लागि जिल्ला प्रशासन र सुरक्षा निकाय तयारी अवस्थामा रहेको उहाँले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी घिमिरेले कोसी ब्यारेज पुल तथा कमजोर तटबन्धको मर्मतसम्भार गरिएको जानकारी दिँदै ठूलो बाढीका कारण कुनै स्थानमा कटान वा तटबन्धमा क्षति पुगेमा सम्बन्धित आयोजना, जिल्ला प्रशासन र सुरक्षा निकाय तत्काल परिचालन हुने गरी तयारी अवस्थामा रहेको उहाँको भनाइ छ ।

अनुगमनमा जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रमुख केशवकुमार थेबे, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय सुनसरीका उपअनुसन्धान निर्देशक विमल घिमिरेलगायत सुरक्षा निकायका प्रतिनिधिको सहभागिता थियो । *रासस*

# सार्वजनिक ऋण व्यवस्थापन ऐन संशोधन मस्यौदामा सुझाव माग

काठमाडौँ, १ साउन । अर्थ मन्त्रालयले सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ लाई संशोधन गर्न तयार गरिएको विधेयकको मस्यौदामा सरोकार भएका तथा सर्वसाधारणबाट सुझाव माग गरेको छ ।

उक्त मन्त्रालयले सार्वजनिक सूचनामार्फत मस्यौदा सार्वजनिक गर्दै तोकिएको समयभित्र सुझाव उपलब्ध गराउन आग्रह गरेको हो । प्राप्त सुझावलाई आवश्यकतानुसार समावेश गरी विधेयकलाई अन्तिम रूप दिइने मन्त्रालयले जनाएको छ ।

मस्यौदामा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको भूमिका स्पष्ट बनाउने, सरकारले गर्ने सेयर तथा ऋण लगानीलाई कानुनी आधार दिने, सरकारी ऋणपत्र स्वदेशी तथा विदेशी बजारमा निष्कासन गर्न सक्ने व्यवस्था गर्ने तथा विदेशी मुद्रामा ऋणपत्र जारी गर्न सक्ने प्रावधान प्रस्ताव गरिएको छ । साथै, सरकारी ऋणपत्रको डिजिटल अभिलेख राख्ने, 'थिमेटिक बन्ड' जारी गर्ने र विनिमय दर तथा ब्याजदरको जोखिम न्यूनीकरणका लागि 'हेजिङ'को व्यवस्था गर्ने प्रस्ताव गरिएको छ ।

विधेयकमा नेपाल सरकारले कुन क्षेत्र र निकायमा सेयर तथा ऋण लगानी गर्न सक्ने र कुन क्षेत्रमा लगानी गर्न नपाइने भन्ने विषय पनि स्पष्ट पारिएको छ । यसअनुसार पूर्ण वा नियन्त्रणात्मक स्वामित्व भएका सार्वजनिक संस्था, सार्वजनिक-निजी साझेदारीअन्तर्गतका राष्ट्रिय प्राथमिकताका आयोजना तथा नेपाल सदस्य रहेको अन्तरसरकारी अन्तर्राष्ट्रिय निकायमा लगानी गर्न सकिने प्रस्ताव गरिएको छ ।

यसैगरी, व्यक्तिलाई प्रत्यक्ष ऋण लगानी, मदिरा तथा सुर्तीजन्य वस्तुको उत्पादन तथा बिक्री, क्यासिनो तथा जुवाघर र वैदेशिक रोजगार व्यवसायमा भने सरकारी लगानी गर्न नपाइने व्यवस्था प्रस्ताव गरिएको छ ।

मस्यौदामा सरकारी ऋण असुली प्रक्रियालाई व्यवस्थित बनाउने, ऋणपत्रको बोलकबोल प्रक्रियामा मिलेमतो वा त्रुटिपूर्ण विवरण पेश गर्ने व्यक्ति वा संस्थामाथि कारबाही तथा जरिवानाको व्यवस्था गर्ने र ऋणपत्रसम्बन्धी केही व्यवस्थालाई विद्युतीय प्रणालीमा आधारित बनाउने प्रस्ताव पनि समेटिएको छ । *रासस*

# पानी नपर्दा धनुषामा धान रोपाइँ प्रभावित

महेन्द्रनगर (धनुषा), १ साउन । धनुषामा मनसुन सक्रिय भए पनि पर्याप्त वर्षा नहुँदा धान रोपाइँ प्रभावित भएको छ । समयमै पानी नपरेपछि खेत चिरा पर्न थालेका छन् भने सिँचाइ सुविधा नभएका क्षेत्रका किसान धान रोप्न नपाएर चिन्तित बनेका छन् ।

असारको अन्त्यसम्म पनि पर्याप्त वर्षा नहुँदा अधिकांश किसानले तयार पारेको धानको बेर्ना खेतमै पहेँलिन थालेको छ । सिँचाइको सुविधा नभएका गाउँमा किसान आकासे पानीकै भरमा खेती गर्ने भएकाले यस वर्ष धान उत्पादन घट्ने चिन्ता बढेको छ ।

लक्ष्मीनियाँ गाउँपालिकाका किसान गोविन्द यादवले समयमै वर्षा नहुँदा रोपाइँ गर्न नसकेको बताउनुभयो । उहाँले धानको बेर्ना तयार भए पनि खेतमा पानी नभएकाले रोपाइँ रोकिएको र केही दिनभित्र वर्षा नभए बेर्ना नै नष्ट हुने अवस्थामा पुग्ने दुःखेसो गर्नुभयो ।

अर्का किसान रामजीवन साहले मोटरबाट सिँचाइ गर्दा इन्धन र विद्युत् खर्च धेरै हुने भएकाले सबै किसानका लागि यस्तो व्यवस्था सम्भव नहुने बताउनुहुन्छ । उहाँका अनुसार खेतीको लागत बढ्दै गएको छ भने उत्पादन घट्ने चिन्ताले किसान थप समस्यामा परेका छन् ।

किसान दुखरन यादवले हरेक वर्षझैँ यस वर्ष समयमै धान रोप्ने तयारी गरे पनि वर्षा नहुँदा खेत बाँझै रहने हो कि भन्ने चिन्ता व्यक्त गर्नुभयो । उहाँले धानखेती नै परिवारको मुख्य आयस्रोत भएकाले उत्पादन घटे आर्थिक समस्या हुने बताउनुभयो ।

लक्ष्मीनियाँ गाउँपालिकाकै किसान दुखरण मण्डलले आकासे पानीको अभावले अधिकांश किसान समस्यामा परेको बताउनुभयो । सरकारले सिँचाइ सुविधा विस्तार, कृषि विद्युतीकरण र किसानलाई राहत उपलब्ध गराउनुपर्ने उहाँको माग छ ।

जिल्लाका धेरै स्थानमा धान रोपाइँ हुन बाँकी छ । पर्याप्त वर्षा नभए यस वर्ष धान उत्पादनमा उल्लेख्य कमी आउन सक्ने उनीहरूको भनाइ छ । किसानले दीर्घकालीन सिँचाइको व्यवस्था, कृषि उपकरणमा सहुलियत र अन्य राहत कार्यक्रम सञ्चालन गर्न सरकारसँग माग गरेका छन् । यतिबेला जिल्लाका किसान आकाशतिर हेर्दै वर्षाको प्रतीक्षामा छन् ।

क्षिरेश्वरनाथ नगरपालिकाका किसान रामरूप दासले पनि आकासे पानी नपर्दा खेती गर्न निकै कठिन भएको बताउनुभयो । उहाँले मोटर र दमकलको सहायताले एक बिघा खेतमा धान रोप्न सफल भए पनि अझै तीन बिघा जमिनमा रोपाइँ गर्न बाँकी रहेको जानकारी दिनुभयो ।

समयमै पर्याप्त वर्षा नभए धान उत्पादनमा उल्लेख्य कमी आउने र त्यसको असर किसानको आम्दानी तथा खाद्य सुरक्षामा पर्ने भन्दै उहाँले सरकारले तत्काल वैकल्पिक सिँचाइको व्यवस्था गरी किसानलाई आवश्यक राहत उपलब्ध गराउनुपर्ने माग गर्नुभयो । *रासस*

# रासायनिक मलको आपूर्ति पाँच लाख ६१ हजार मेट्रिक टन नाघ्यो

काठमाडौँ, १ साउन । सरकारले आर्थिक वर्ष २०८२/८३ को असार २४ गतेसम्म पाँच लाख ६१ हजार ४९३ दशमलव ८५ मेट्रिकटन रासायनिक मल आपूर्ति गरेको जनाएको छ । यो परिमाण वार्षिक छ लाख मेट्रिकटन आपूर्तिको लक्ष्यको करिब ९४ प्रतिशत हो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार गत आर्थिक वर्षका लागि रु. २८ अर्ब ८२ करोड १४ लाख बजेट विनियोजन गरिएको थियो । गत असार २४ गतेसम्म चार लाख ९१ हजार ३०० मेट्रिकटन रासायनिक मल खरिदका लागि टेन्डर प्रक्रिया सम्पन्न भएको छ ।

उक्त मन्त्रालयकाअनुसार हालसम्म दुई कम्पनीमार्फत तीन लाख २७ हजार ५७९ दशमलव ८० मेट्रिकटन युरिया, दुई लाख तीन हजार ४२६ दशमलव ३० मेट्रिकटन डीएपी तथा ३० हजार ४८७ दशमलव ७५ मेट्रिकटन पोटास गरी कुल पाँच लाख ६१ हजार ४९३ दशमलव ८५ मेट्रिकटन रासायनिक मल आपूर्ति गरिएको छ ।

उक्त अवधिसम्म देशभरका गोदाममा ९२ हजार ५९२ दशमलव ३५ मेट्रिकटन रासायनिक मल मौज्दात थियो । त्यसमध्ये ४९ हजार १०४ दशमलव ३० मेट्रिकटन युरिया, २४ हजार १२ दशमलव ८५ मेट्रिकटन डिएपी र १९ हजार ४७५ दशमलव २० मेट्रिकटन पोटास मौज्दात थियो ।

अघिल्लो आर्थिक वर्षको मौज्दातसमेत समावेश गरी असार २४ गतेसम्म पाँच लाख १८ हजार २७८ दशमलव ५५ मेट्रिकटन रासायनिक मल बिक्री भएको छ । तीन लाख सात हजार १६ दशमलव ६० मेट्रिकटन युरिया, एक लाख ९२ हजार ९३१ दशमलव १५ मेट्रिकटन डिएपी र १८ हजार ३३० दशमलव ८० मेट्रिकटन पोटास बिक्री भएको उक्त मन्त्रालयले जनाएको छ ।

बाह्य मार्गमा २८८ दशमलव ७५ मेट्रिकटन रासायनिक मल ढुवानीको क्रममा छ, जसमा ८६ दशमलव ०५ मेट्रिकटन युरिया र २०२ दशमलव ७० मेट्रिकटन डिएपी छ । *रासस*

# बर्डफ्लु नियन्त्रणपछि जावलाखेल सदर चिडियाखाना शुक्रबारदेखि पुनः खुला

ललितपुर, १ साउन । ललितपुरको जावलाखेलस्थित सदर चिडियाखाना शुक्रबारदेखि सर्वसाधारणका लागि पुनःखुला गरिएको छ ।

काग, गिद्ध, हाँसलगायत पक्षीमा बर्डफ्लु सङ्क्रमण पुष्टि भएपछि चिडियाखाना गत असार ५ गतेदेखि बन्द गरिएको थियो । सङ्क्रमण नियन्त्रणका लागि बिरामी पक्षीहरूको उपचार, सरसफाइ तथा आवश्यक व्यवस्थापनका सम्पन्न भएपछि वातावरणीय नमुनाको परीक्षणमा एभियन इन्फ्लुएन्जा (बर्डफ्लु) भाइरस नदेखिएकाले चिडियाखाना पुनःसञ्चालनमा ल्याइएको हो ।

चिडियाखाना प्रशासनका अनुसार बिहीबार पशुसेवा विभाग, केन्द्रीय पशु रोग अनुसन्धान प्रयोगशाला तथा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका वरिष्ठ अधिकारीहरूको बैठकले चिडियाखाना पुनःखोल्ने निर्णय गरेको हो ।

चिडियाखानाका प्रवक्ता तथा सूचना अधिकारी गणेश कोइरालाका अनुसार चिडियाखाना बिहान १०:०० बजेदेखि बेलुका ४:०० बजेसम्म प्रवेशका लागि खुला रहनेछ भने अवलोकनकर्ताले बेलुका ५:०० बजेभित्र बाहिरिनु पर्नेछ ।

सदर चिडियाखाना व्यवस्थापनले आगन्तुकलाई जनावर तथा पक्षीसँग सुरक्षित दूरी कायम गरी अवलोकन गर्न आग्रह गरेको छ । यसअघि सङ्क्रमित देखिएको खोरहरू रातो रिबनले घेरिएको जनाउँदै ती क्षेत्रमा अनावश्यक रूपमा नबस्न र दूरी कायम गर्न अनुरोध गरिएको छ ।

त्यसैगरी, आफूसँग ल्याएका खानेकुरा खुला स्थानमा नखान, प्रयोगपछि फोहर डस्टबिनमा व्यवस्थित रूपमा फाल्न तथा अनिवार्य रूपमा मास्क प्रयोग गर्न पनि सर्वसाधारणलाई अनुरोध गरिएको छ । *रासस*

## । सम्पादकीय ।

# कमैयाहरू अहिले पनि कष्टकर जीवन बिताउन बाध्य

देउवा सरकारले २०५७ साउन २ गते कमैया मुक्त घोषणा गरेको थियो। कमैया मुक्त घोषणा गर्नुअघि सरकारले कमैयाहरूलाई जोत्दै आएको जग्गामा मोही कायम गर्नुपर्थ्यो। वर्षौंदेखि जोत्दै आएको जग्गामा मोही कायम नगर्दै गरिएको कमैया मुक्त धोका थियो। कमैया मुक्तको नाउँमा जोत्दै आएको जग्गाको अधिकारबाट वञ्चित गर्ने काम कसरी न्यायोचित हुन्छ ? कमैया मुक्त त कमैयाहरूलाई घरबाट निकाल्ने र जग्गाको स्वामित्वबाट वञ्चित गर्ने जाल थियो। सरकारले लागु गरेको द्वैधस्वामित्वको अन्त्य पनि कृषकहरूको अहितमा थियो। कृषकहरूको मोही कायम गरेर द्वैधस्वामित्व अन्त्य गरिएको भए सरकार किसानविरोधी हुँदैनथ्यो। तत्कालीन सरकारले मोही कायम नहुँदै गरेको कमैया मुक्त र द्वैधस्वामित्वको अन्त्य कमैया र कृषकहरूको अहितमा थियो। यसले नेका र एमाले कमैया र कृषकहरूको पक्षमा नभएको देखाउँछ।

कमैया मुक्त घोषणा गर्दा कमैयाहरूलाई केही नगद, केही काठ र आवासको निम्ति थोरै जग्गा दिने सरकारले निर्णय गरेको थियो। सरकारी निर्णयअनुसार कमैयाले वर्षौंसम्म रकम, काठ र जग्गा पाएनन्। यसको परिणाम कमैयाहरू बिचल्लीमा परे; उनीहरू घर न घाटको भए। उनीहरू जङ्गलमा बस्न बाध्य भए; घाम पानी सहेर बस्न बाध्य भए; खानपिनको ठेगान भएन। उनीहरू शोक, रोग र भोकले छट्पटिए। कमैया मुक्तको वर्षौंपछि पनि उनीहरूले सरकारी निर्णयअनुसार राहत पाएनन्। राजनीतिक दल र जनताको व्यापक विरोध भएपछि सरकारी निर्णयअनुसार केही राहत उपलब्ध भयो। यसरी सरकारले कमैयाहरूलाई दुःखको आँसु पिएर कष्टकर जीवन बिताउन बाध्य बनायो।

सरकारले कमैयाहरूलाई धोका दिएकै हो, बिचल्ली बनाएकै हो। नेका पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने पार्टी हो। तर, कम्युनिस्ट भनिने एमाले भाइ-काङ्ग्रेस भयो। कमैयाहरू जहिले पनि ऋणको शिकार हुन्थे। उनीहरू तीन चारजना मालिकको घरमा वर्षदिन काम गरे पनि ऋणबाट मुक्त हुँदैनथ्यो। वर्षदिन सित्तैमा काम गरे पनि अर्को वर्ष फेरि कमैया बस्न बाध्य पारिन्थ्यो। कमैयाहरू तीनचार पुस्तासम्म एक जमिनदार र सामन्तको घरमा काम गर्न बाध्य हुन्थे।

उनीहरूको स्वास्थ्योपचार हुँदैनथ्यो, स्वास्थ्य परीक्षण गराइँदैनथ्यो। उनीहरू आराम गर्ने, मनोरञ्जन गर्ने, मेला भर्ने आदि सेवा सुविधाबाट वञ्चित हुन्थे। दिनभरि काम गरेर पनि खान पुग्दैनथ्यो। चाडपर्व, मेलापातमा पनि राम्रो खान, राम्रो लाउन पाइँदैनथ्यो। खुट्टामा जुत्ता हुँदैनथ्यो। गाईगोठ भएको छाप्रोमा सुत्नुपर्थ्यो। जहिले पनि घामपानी, वर्षा नभनी माटोमै भिज्नुपर्थ्यो। तैपनि, उनीहरूको जीवन सुनिश्चित हुँदैनथ्यो, एक छाक खान एक जोर पोशाक लाउन समेत पाइँदैनथ्यो।

यसरी पुस्तौँदेखि कष्टकर जीवन बिताउँदै आएका कमैयाहरूलाई उनीहरूको जीवनको सुनिश्चित नगरी कमैया मुक्तिको नाममा घरवारविहीन बनाउने काम भयो।

उनीहरूलाई सरकारले केहीं नगद र काठ होइन पुस्तौँदेखि जोत्दै आएको जग्गामै मोही हक व्यवस्था गरेर जीवन सुनिश्चित गर्नुपर्ने थियो। मोही हक कायम भएपछि आधा आधा जग्गा बाँड्नुपर्ने थियो। तर, तत्कालीन देउवा सरकारले मोही हक कायम गर्ला भनेरै मुक्तिको नाउँमा उनीहरूलाई बेहाल बनायो।

राजनीतिक दल र जनताको व्यापक विरोधपछि सरकारले बसाइँको लागि केही पर्ती जग्गा दियो। त्यो जग्गा कहीं खोलाको बगर थियो त कहीं जङ्गलको थियो। कहीं पत्थरिलो जग्गा थियो। पहिरो जाने, खोलाले बगाउने र कुनै पनि बाली लगाउन नहुने जग्गा दिएर थप समस्याग्रस्त बनायो। कमैयालाई बगर, जङ्गल र पत्थरिलो माटो भएको जग्गा दिएर कसरी खेतीपाती चल्छ ? खोलाले बगाउने बगरको जग्गा दिएर कसरी जीवन चल्छ ? यो श्रमजीवीवर्गमाथिको अपमान, थिचोमिचो र शोषण हो। सरकारले कमैयाहरूको सुनिश्चित जीवन बिताउने वातावरण तयार गर्नुपर्थ्यो; तर गरेन। त्यसकारण, कमैया मुक्त धोका नै हो भनिएको हो।

# एल निनो (El Niño) : ऐतिहासिक चक्र, वैज्ञानिक खोज र सन् २०२६/२७ मा अझै गर्मी र सङ्कट हुने


✍ रघुनाथ प्रजापति

**एल निनो (El Niño) के हो ?**

एल निनो प्रशान्त महासागरको मध्य तथा पूर्वी भागमा समुद्री सतहको तापक्रम सामान्यभन्दा असामान्य रूपमा बढ्ने प्राकृतिक जलवायु अवस्था हो। सामान्य अवस्थामा पूर्वबाट पश्चिमतर्फ बहने हावाले तातो पानीलाई इन्डोनेसिया र अस्ट्रेलियातर्फ धकेल्छ। तर, एल निनोको समयमा यी हावा कमजोर हुन्छन्, जसका कारण तातो पानी पूर्वतर्फ सर्दै दक्षिण अमेरिकाको तटीय क्षेत्रमा पुग्छ। यसले विश्वव्यापी वायुमण्डलीय परिसंचरण परिवर्तन गरी विभिन्न क्षेत्रमा असामान्य मौसमीय अवस्था सिर्जना गर्दछ।

विश्वव्यापी जलवायु प्रणालीलाई ठुलो परिवर्तन गराउने सबैभन्दा शक्तिशाली चक्रमध्ये एल निनो (El Niño) पनि एक हो। सन् १६०० को दशकमा पेरु र इक्वेडरका स्थानीय माछा मार्ने समुदाय (Fishermen) ले पहिलो पटक यो घटना महसुस गरेका थिए। उनीहरूले प्रत्येक केही वर्षको अन्तरालमा, डिसेम्बर महिना (क्रिसमस) को आसपासमा समुद्रको पानी असामान्य रूपमा तात्ने र माछाहरू (विशेष गरी एन्चोभी) गायब हुने गरेको पाए। क्रिसमसको समयमा यो तापक्रम उच्च विन्दुमा पुग्ने भएकोले उनीहरूले यसलाई स्पेनिस भाषामा 'El Niño de Navidad' अर्थात् 'बालक क्राइस्ट' (The Christmas Child) नाम दिए। सुरुमा यसलाई पेरुको तटीय क्षेत्रको एउटा स्थानीय वातावरणीय फेरबदल मात्र मानिन्थ्यो, तर पछि वैज्ञानिकहरूले यो सम्पूर्ण विश्वको मौसम निर्धारण गर्ने एक विशाल प्रणाली भएको पत्ता लगाए।

जब एल निनो आफ्नो परिपक्व अवस्था (Mature Stage) मा पुग्छ, तब संसारभरिका विभिन्न क्षेत्रहरूमा निश्चित मौसमी सङ्कटहरू निम्तिने गर्दछन्। यसको तालिका तल प्रस्तुत गरिएको छ :




| क्षेत्र | वर्षाको ढाँचा | तापक्रमको ढाँचा | मुख्य जोखिम |
|---|---|---|---|
| दक्षिण-पूर्वी एसिया र भारत | अत्यधिक कमी (खडेरी) | औसतभन्दा बढी गर्मी | बाली नष्ट, पानीको हाहाकार |
| अस्ट्रेलिया | गम्भीर कमी (खडेरी) | अत्यधिक तातो हावा (Heatwaves) | अभूतपूर्व डढेलो (Bushfires) |
| दक्षिणी संयुक्त राज्य अमेरिका | अत्यधिक वर्षा (हिलो/भिजेको) | औसतभन्दा चिसो | आकस्मिक बाढी र पहिरो |
| उत्तरी अमेरिका र क्यानाडा | कमी (सुक्खा) | उल्लेखनीय रूपमा तातो | हिउँको कमी (Lack of snowpack) |
| पश्चिमी दक्षिण अमेरिका | मुसलधारे वर्षा (जलमग्न) | औसतभन्दा बढी गर्मी | पूर्वाधार विनाश, लेदोसहितको पहिरो |
| अमेजन बेसिन | कमी (सुक्खा) | औसतभन्दा बढी गर्मी | वर्षावनको विनाश, डढेलो |
| दक्षिणी अफ्रिका | गम्भीर कमी (खडेरी) | औसतभन्दा बढी गर्मी | अनिकाल र बालीमा तनाव |

**खोजको इतिहास र जीवनचक्र समयवधि**

एल निनोलाई विश्वव्यापी मौसमको कारकका रूपमा स्थापित गर्न दुई जना वैज्ञानिकहरूको योगदान अतुलनीय छ। बेलायती भौतिकशास्त्री र गणितज्ञ वाकर सर गिल्बर्ट वाकर (Sir Gilbert Walker -१९२०) ले भारतमा मनसुनले विनाशकारी अनिकालको कारण खोज्ने क्रममा प्रशान्त महासागरको वायुमण्डलीय चापमा एउटा विशाल 'सी-स' (तराजुजस्तो उतारचढाव) फेला पारे। जब महासागरको पूर्वतर्फ वायुमण्डलीय चाप बढ्छ तब पश्चिम (अस्ट्रेलिया) तर्फ घट्छ। उनले यसलाई Southern Oscillation नाम दिए, तर त्यतिबेला उनले यसको सम्बन्ध समुद्रको तातो पानीसँग छ भन्ने कुरा जोड्न सकेका थिएनन्। त्यसपछि जाकोब बजेर्क्नेस (Jacob Bjerknes - १९६९) जो नर्वेली-अमेरिकी मौसमविद्ले सन् १९६० को दशकको अन्त्यमा वाकरको वायुमण्डलीय Southern Oscillation र पेरुका माझीहरूले भोगेको समुद्री 'एल निनो' लाई एकापसमा जोडेर हेरे। उनले प्रमाणित गरे कि समुद्र र वायुमण्डल एक निरन्तर चक्र (Feedback Loop) मा बाँधिएका छन्, समुद्रको तापक्रमले हावाको बहाव बदल्छ र हावाको बहावको परिवर्तनले समुद्रको तापक्रम। यसरी संयुक्त रूपमा ENSO (El Niño-Southern Oscillation) प्रणालीको जन्म भयो।

एउटा सामान्य एल निनो चक्र ९ देखि १२ महिनासम्म रहन्छ तर कहिलेकाहीं यो २ वर्ष वा सोभन्दा बढी समयसम्म लम्बिन सक्ने तथ्य सन् २०१४-२०१६ को चक्रले देखाएको छ। यसको विकास र अन्त्यको एउटा निश्चित मौसमी तालिका हुन्छ :

- **वसन्त ऋतु (मार्च-मे) :** सुरुवातको चरण। भूमध्यरेखा क्षेत्रमा बहने व्यापारिक हावा कमजोर हुन थाल्छ र तातो पानी पूर्वतर्फ सङ्कलन हुन थाल्छ।
- **गर्मी/शरद् ऋतु (जुन-अक्टोबर) :** विकासको चरण। प्रशान्त महासागरको मध्य भागमा तापक्रम तीव्र रूपमा बढ्छ र विश्वभर यसको असर देखिन थाल्छ।
- **हिउँद (नोभेम्बर-जनवरी) :** उत्कर्ष (Peak) चरण। यस समयमा एल निनो आफ्नो उच्चतम शक्तिमा पुग्छ। यही कारणले गर्दा डिसेम्बरको समयमा यसको प्रभाव सबैभन्दा बढी देखिने भएकाले यसको नाम 'क्राइस्ट चाइल्ड' रहन गएको हो। यस बेला अमेरिकामा भारी वर्षा र एसिया/अस्ट्रेलियामा कडा खडेरी पर्छ।
- **अर्को वसन्त (फेब्रुअरी-अप्रिल) :** क्षयीकरण (Dissipation) चरण। समुद्रले आफ्नो अतिरिक्त ताप गुमाउँछ र मौसम बिस्तारै सामान्य अवस्था वा 'ला निना' (शीतल चरण) तर्फ प्रवेश गर्छ।

**१५० वर्षको ऐतिहासिक विश्लेषण**

सन् १८७५ देखि २०२६ सम्मको तथ्याङ्कलाई हेर्दा एल निनोको शक्ति र यसको अन्तराललाई बुझ्न सकिन्छ। समुद्रको सतहको औसत तापक्रम कति डिग्री सेल्सियसले बढ्यो (Peak Temperature Anomaly) भन्ने आधारमा यसको वर्गीकरण गरिन्छ :

- **१९२५-१२२६ :** +२.०°C (सुपर)
- **१९७२-१९७३ :** +२.१°C (सुपर)
- **१९८२-१९८३ :** +२.२°C (सुपर)
- **१९९७-१९९८ :** +२.४°C (सुपर)
- **२०१५-२०१६ :** +२.६°C (इतिहासकै सबैभन्दा रेकर्ड तोड्ने शक्तिशाली)
- **२०२३-२०२४ :** +२.०°C (सुपर एल निनो)

विगत १५० वर्षको तथ्याङ्कलाई हेर्दा, विगतमा धेरैजसो एल निनो 'मध्यम' (+१.०°C देखि +१.४°C) वा 'बलियो' (+१.५°C देखि +१.९°C) श्रेणीका हुन्थे। तर, पछिल्ला दशकहरूमा (विशेष गरी १९८२, १९९७, २०१५, २०२३ र अहिले २०२६) 'सुपर एल निनो' ( +२.०°C वा सोभन्दा माथि) को आवृत्ति र तीव्रता निकै बढेको छ। यसले जलवायु परिवर्तन (Climate Change) का कारण यी घटनाहरू झन् 'सुपर' वा विनाशकारी बन्दै गइरहेका छन् भन्ने वैज्ञानिकहरूको आशङ्कालाई पुष्टि गर्छ।

**सन् २०२६/२७ रेकर्ड तोड्ने प्रक्षेपण**

एल निनोले विश्वका विभिन्न क्षेत्रमा फरक-फरक प्रभाव पार्छ। दक्षिण अमेरिकालगायत केही क्षेत्रमा अत्यधिक वर्षा र बाढी आउने सम्भावना बढ्छ भने अस्ट्रेलिया, इन्डोनेसिया, भारत तथा दक्षिण एसियाका धेरै भागमा खडेरीको जोखिम बढ्छ। समुद्री जैविक प्रणालीमा पनि यसको ठुलो असर पर्छ। समुद्रको सतह तातिँदा पोषकतत्त्वयुक्त चिसो पानी माथि आउन नसक्दा माछा उत्पादन घट्ने, कोरल चट्टानहरू क्षतिग्रस्त हुने तथा समुद्री जैविक विविधतामा नकारात्मक प्रभाव पर्ने गर्दछ।

जून २०२६ को ताजा अपडेटअनुसार, अमेरिकी अन्तरिक्ष संस्था (NASA) र विश्वका प्रमुख मौसम विज्ञान एजेन्सीहरू (NOAA, ECMWF, BOM) ले प्रशान्त महासागरको सतहमुनि एक विशाल केल्भिन तरङ्ग (Oceanic Kelvin Wave) सक्रिय भएको र समुद्रको सतह तीव्र रूपमा बढिरहेको पत्ता लगाएका छन्। हाल सन् २०२६ को मध्यतिर नै तापक्रम विचलन +१.२°C पुगिसकेको छ। यो लगातार बढ्दो क्रममा छ। वैज्ञानिकहरूले यसलाई वायुमण्डलमा Code Red (गम्भीर सङ्कटको घण्टी) भनेका छन्। नोआ (NOAA) का अनुसार यो वर्षको अन्त्यसम्ममा समुद्री सतहको तापक्रम (+२.०°C) भन्दा माथि जाने ६३ प्रतिशत सम्भावना छ, जसले यसलाई 'अत्यन्त शक्तिशाली वा सुपर' एल निनोको श्रेणीमा राख्नेछ। कतिपय मोडलहरूले त यो घटनाले इतिहासकै सबैभन्दा खतरनाक मानिएको सन् १८७७-१८७८ को रेकर्डलाई समेत तोड्न सक्ने र यसको विश्वव्यापी असर सन् २०२७ सम्म कायम रही पृथ्वीको तापक्रमले नयाँ रेकर्ड कायम गर्ने प्रक्षेपण गरेका छन्।

**नेपालमा यसको प्रत्यक्ष असर र नाम्चे बजारको उदाहरण**

नेपाल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलजी (NAST) का

*बाँकी पृष्ठ ५ मा*

## सन्दर्भ : शोभा प्रधानको चौथो वार्षिक स्मृति सभा

# कैयौँ प्रहारले गाल्न नसकेको वन्दनीय चट्टानी नारी ! -१

✍ राजामान बिजुक्छेँ

शोभा भाउजूले देह त्याग्नुभएको हिजै जस्तो लाग्थ्यो तर चार वर्ष नाघिसकेछ । यद्यपि, हाम्रो मनमस्तिष्कमा उहाँ जीवित नै हुनुहुन्छ । नेपालको राजनीतिक आकाशका निर्विवाद नक्षत्र तथा साम्यवादी विचारधाराका बौद्धिक व्यक्तित्वका धनी नेपाल मजदुर किसान पार्टीका अध्यक्ष रोहितकी जीवनसङ्गिनीको रूपमा मात्रै शोभा भाउजूलाई सम्झिनु, सामाजिक र पारिवारिक क्षेत्रमा असल-संस्कारी बुहारी र सासू आमापछिको सफल घरमुलीको स्थानमा समेत उहाँको अपार भूमिकाबारे अनभिज्ञ हुनु हो । यसबारे केही कुरा राख्न चाहन्छु ।

### विवाहपूर्व शोभा प्रधानलाई मानसिक प्रहार

युवावस्थामै गरिब किसान र दु:खी जनताको सेवामा नि:स्वार्थरूपले लागिपर्दा आफ्नो ज्येष्ठ सुपुत्रले खेपेका दु:ख, कष्टकर भोगाइ र कठिनाइहरूबारे हाम्री प्रात:स्मरणीय आमालाई राम्ररी ज्ञात थियो । उहाँ धार्मिक र रुढिवादी भए तापनि सान्है व्यावहारिक हुनुहुन्थ्यो । तर समाजका केही अप्ठेरा मूल्य मान्यतादेखि दिक्क मान्नुहुनन्थ्यो । त्यतिबेला समाजमा प्रगतिशील विचारबाट ओतप्रोत व्यक्तिमाथि अति नकारात्मक सोच राख्ने समुदाय र छरछिमेकका केही निर्दयी या परपीडक स्वभावका दुष्ट मान्छेहरूले आफ्नो छोराबारे नानाभाँतीका मनगढन्ते कुरा बेला न कुबेला सुनाइरहन्थे । सायद यही कारणले हुनसक्छ, १० वर्षको निर्वासन जीवनपश्चात् आफ्नो मातृभूमिमा पाइला टेकेदेखि आमाले विभिन्न स्थानमा रहेको हाम्रै कुलको नाउँमा नामसारी भएको कुनै पनि भूमिमा एउटा सानो घर बनाएर बस्नु भनेर दाइलाई भनिरहनुहुन्थ्यो ।

"चखँचा बखुँचा तय्ताहे बास म, छन्ता मोला ? इ: न्हयाब्लें छं धाय्थें जुइला । अ जुतले लानी मन मिलेजुमा ज्ञानीमा पासा छम्हा नं स्वय् छन्ता, मज्युला ?" अर्थात्, चराचुरुङ्गीलाई त बासको खाँचो हुन्छ; तिमीलाई पर्दैन र ? समय सधैँ एकनास हुँदैन । अहिलेसम्म भ्याइन्छ; मन मिल्ने र ज्ञानी स्वभावकी एउटी कन्या जीवनसाथीको लागि हामी खोजौँला हुन्न र ? 'रामायण' मा राजा दशरथका ज्येष्ठ पुत्र रामचन्द्रले १२ वर्ष बनवास बसे वा गृह त्याग गरे; सूर्यमाया बिजुक्छेँको आफ्नो ज्येष्ठ पुत्र नारायणमान बिजुक्छेँले १० वर्ष गृह त्याग गरी निर्वासन जीवन बिताएका ती रात अनि दिनहरू कति पीडादायक भए होलान् भनेर हाम्री आमाले छोरालाई सम्झेर प्राय: भकानो छोड्नुभएको अझै सम्झनामा ताजै छ । आफ्नै पुर्ख्यौली जग्गामा एउटा घर बनाई छोरोले त्यही घरजम गरी बसे राम्रो हुन्थ्यो भन्ने आमाको तीव्र इच्छा थियो ।



"जनताको घर नै मेरो घर हो; अहिलेसम्म कसैले नाइँनास्ति गऱ्या छैनन् ।" यसरी भावनाको गहिराईमा डुबेर दाजुले आमालाई सम्झाउनुहुन्थ्यो । दु:खकष्ट, यातना र असङ्ख्य काहालीलाग्दा उतारचढावलाई आफ्नो जीवनको पर्याय बनाएर देश र जनताकै सेवामा लागेको छोरोको 'अव्यावहारिक कुरा' सुनेर बेलाबखत उच्छ्वासले आफूलाई घेरा हालेको यथार्थ आमाले चालै पाउनुभएन ।

कठिन गुप्तवास समाप्तिपश्चात् गृहप्रवेश गरेको छोरोले परिवारजनको धेरै प्रयासपछि विवाहको लागि मञ्जुरीको सङ्केत देखाएपछि बुढ्यौलीको घुम्टो ओढेकी हर्षित आमाको खुट्टोले भुइँ टेक्न छोड्यो । बिजुक्छेँ परिवारको जेठो छोरोको लागि रामेछाप जिल्लाको जिरीभन्दा पर ठोसे बजारमा स्थायी बसोबास गर्दै आउनुभएका श्यामलाल प्रधान र नारायणदेवी प्रधानकी जेठी छोरी शोभा प्रधानको नाम सुकुलढोकास्थित घरमा प्रेमपूर्वक उच्चारण भयो; त्यसरी उच्चारित नाम संयुक्त परिवारको हाम्रो निवासमा धेरै बेरसम्म गुञ्जिरह्यो । दाइ राजनीतिक व्यक्तित्व भएकाले इर्ष्या र डाहा गर्ने सामन्ती स्वभावका कुतत्त्वहरूले भ्रमपूर्ण हल्ला फैलाई सर्वसाधारणलाई भ्रमित पार्न नसकून् भन्ने उद्देश्यले बिना कसैको हस्तक्षेप वा जानकारी केटा र केटीबिच प्रत्यक्ष संवादका लागि मिलाइएको समयबमोजिम दिन तोकियो र सोचेअनुसार वार्तालापको परिणाम दुवैको तर्फबाट सकारात्मक निस्क्यो । तर, केटी पक्षबाट असन्तुष्टिका भेलहरूले नेपालको कम्युनिस्ट राजनीतिक फाँटका उदाउँदो वेदाग जाज्वल्य युवा व्यक्तित्व बिजुक्छेँसँग वैवाहिक जीवन बिताउने शोभा प्रधानको इच्छालाई निर्ममतापूर्वक बगाई लाने चेष्टा नगरेको होइन ।

आफूभन्दा २०-२२ वर्ष जेठो; जसको आफ्नै कुनै निजी सम्पत्ति छैन; घरमा नबसी डेरामा बस्छन्; सर्वदा जेलनेलको डर भइरहन्छ; आफ्नै राम्रो आम्दानीको स्रोत छैन; सके श्रीमतीकै भर पर्नुपर्ने होला; सुखी र विलासी जीवनको किञ्चित पनि सम्भावना नहुने; सुनचाँदी गरगहनाको नामै उच्चारण गर्न मन नपराउनेसँगको वैवाहिक जीवनको चारपाङ्ग्रे गाडी सहजै गुड्न कतिको सम्भव होला र !? यी यावत् कुराले प्रशय पाउने गरी शोभा प्रधानको प्रवल अभिलाषालाई निमोठ्न थुप्रै नाटकहरूको मञ्चन गरियो । परन्तु, ती सबै प्रयासहरूले दाज्यूप्रतिको उहाँको विश्वास, आदर र भरोसालाई अलिकति पनि हल्लिन नदिन शोभा प्रधान आफ्नो निर्णयमा शालिनतापूर्वक चट्टानजस्तै अडिरहनुभयो । हुन त शोभा प्रधानलाई सान्है माया गर्ने मातापिता र भलो चाहने नजिकका मान्छे हुन् या जीवनमा आइपर्ने समस्याहरू खुलस्तसँग साझा गर्ने दौँतरी, जोसुकैले पनि उहाँको उज्ज्वल भविष्यको अपेक्षा राख्नुलाई अन्यथा लिन मिल्दैन । उमेर र बैँस छँदै सिउँदो उजाडिएर एक्लिने नारीको केही वर्षमै सिन्दुरको रहर मृगतृष्णा मात्र भई जाने कथाहरू पनि शोभा प्रधानलाई नसुनाइएका होइनन् । नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्षज्यूको कुन कुरा, स्वभाव र विचार शोभा प्रधानको मनमन्दिरमा कहिल्यै नमेटिने tat-too जस्तै छापिन गयो, आफ्ना लागि ती कुराहरू अमूल्य बनेर सेती जस्तै हृदयमा गडिन पुग्यो; यी सबैथोक शोभा प्रधानलाई नै थाहा होला ! कहीँकतै वा कसैबाट पनि केही सीप नलागेपछि शोभा प्रधानलाई नेमकिपाका अध्यक्षको अर्धाङ्गिनी हुनबाट कुनै पनि प्रकारको छेकबार सफल हुनै सकेन । उहाँभन्दा अघि पनि बौद्धिक क्षेत्रमा अबल र आर्थिकरूपले सम्पन्न कन्याहरूको कुरा दाजुको लागि नआएको होइन तर विचार, विवेक, समझदारी, सामाजिक संस्कार अनि सरलतामा भने शोभा प्रधानलाई उनीहरूले पछि पार्न सकेनन् । एक नारीको यही सुन्दर पक्ष अध्यक्षज्यू अर्थात् मेरा दाजुलाई औधी मन परेको हुनसक्छ ।

---

***एल...***

अनुसन्धानकर्ता मदनलाल श्रेष्ठका अनुसार प्रशान्त महासागरमा विकसित हुने 'ENSO' प्रणालीको असर नेपालमा देखिन सुरु भइसकेको छ । यसले वर्षा मात्र घटाउने नभई तापक्रम पनि औसतभन्दा बढी गराउनेछ । एल निनोको समयमा मौसमी प्रणाली प्रशान्त महासागरतर्फ सर्ने हुनाले यी हावा कमजोर भई नेपालमा मनसुन ढिलो भित्रिने र औसतभन्दा कम वर्षा हुने गर्दछ । मनसुन ढिलो आउने मात्र नभई यो निकै कमजोर पनि हुन्छ, जसले गर्दा देशको कुल औसत वर्षामा उल्लेखनीय कमी आउँछ । वर्षा कम हुनुका साथै यसको वितरण पनि अत्यन्तै असमान बन्न पुग्छ । देशका केही भागमा लामो समयसम्म थोपा पानी नपरी सुक्खा खडेरी हुने र कतै भने छोटो अवधिमा मुसलधारे वर्षा भई स्थानीय बाढी आउनेजस्ता चरम मौसमी अवस्था देखिन्छन् ।

इतिहासमा एल निनोका कारण नेपालमा मनसुन जून २७ सम्म ढिलो पुगेको रेकर्ड छ । जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता विभूति पोखरेलका अनुसार यस वर्ष पनि दक्षिण कर्णाली, अधिकांश लुम्बिनी, पूर्वी मधेश र दक्षिणी कोसी प्रदेशमा औसतभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको अनुमान गरेको छ । कम वर्षा हुने, वर्षा अत्यन्त अनियमित हुने र केही सीमित ठाउँमा छोटो अवधिमै मुसलधारे पानी पर्ने, जुन कृषिका लागि उपयोगी हुँदैन । काठमाडौँ इन्स्टिच्युट अफ एप्लाइड साइन्सेसकी संस्थापक एवं निर्देशक हेमु काफ्लेले यसलाई 'कृषि खडेरी' को संज्ञा दिनुभएको छ । धान रोपाइँ भइरहेको वर्तमान समयमा आवश्यक पानी नपाउँदा उत्पादनमा ठुलो धक्का लाग्ने निश्चित छ । तराईमा नहर वा डिप बोरिङमार्फत सिँचाइको केही विकल्प भए पनि पूर्ण रूपमा आकाशे पानीमा निर्भर रहने पहाडी भेगमा सिँचाइको समस्या निकै विकराल बन्ने निर्देशक काफ्लेको भनाइ छ ।


नेपालको इतिहासलाई पल्टाएर हेर्दा एल निनो सक्रिय भएका वर्षहरूमा मनसुनको आगमन सधैँ प्रभावित र ढिलो भएको देखिन्छ । जल तथा मौसम विज्ञान विभाग (DHM) को ऐतिहासिक रेकर्डअनुसार विगतका एल निनो वर्षहरूमा मनसुन भित्रिएका मितिहरू यस प्रकार छन् :

- सन् १९७२ : जून १५ । सन् १९८२ : जून २० । सन् १९८३ : जून २८ (सबैभन्दा ढिलो)
- सन् १९८७ : जून १४ । सन् १९९२ : जून २१ । सन् १९९७ : जून १४
- सन् २०१२ : जून १५ । सन् २००९ : जून २३ । सन् २०१५ : जून १५
- सन् २०११ : जून २० । सन् २०२३ : जून १४


यो तथ्याङ्कले के स्पष्ट पार्छ भने प्रशान्त महासागर तातिएको वर्ष नेपालमा मनसुन निकै धकेलिन्छ । यसको ठीक विपरीत, एल निनो नभएको अघिल्लो वर्षको मनसुन औसत समयभन्दा करिब दुई हप्ताअगाडि नै नेपाल भित्रिएको थियो । यद्यपि, यस वर्ष मनसुन पूर्व (प्रि-मनसुन) को अवधिमा मार्च महिनाको सुरुदेखि नै सक्रिय पश्चिमी वायुका कारण नेपालमा सामान्यभन्दा २५ प्रतिशत बढी वर्षा भएको थियो, तर एल निनो बलियो हुँदै जाँदा अबको मुख्य मनसुनी वर्षा भने निकै कमजोर हुने आकलन गरिएको छ ।

विश्वव्यापी रूपमा विकसित भइरहेको यो सुपर एल निनो र जलवायु परिवर्तनको प्रत्यक्ष असर नेपालको हिमाली क्षेत्रमा अहिल्यै देखिन थालिसकेको छ । विश्वको सर्वोच्च शिखर सगरमाथाको प्रवेशद्वार मानिने नाम्चे बजारमा दिउँसोको तापक्रम १२ डिग्री सेल्सियससम्म पुगेको (जून ९, २०२३), जसले त्यहाँको जनजीवन प्रभावित बनाएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार विगतका वर्षहरूमा यस अवधिमा त्यहाँको औसत तापक्रम मात्र ४ देखि ५ डिग्री सेल्सियस हुने गर्दथ्यो । औसतभन्दा तेब्बर बढी तापक्रम हुनुले हिमाली क्षेत्रमा पग्लिँदै गएका हिमनदी र खलबलिँदो मौसमको गम्भीर अवस्थालाई चित्रण गर्दछ । अत्यधिक गर्मीको असर नेपालका घना र अव्यवस्थित सहरी क्षेत्रमा बढी देखिनेछ । युरोपेली देशहरू (जस्तै स्पेन र फ्रान्स) मा गत जून महिनामा मात्रै अत्यधिक गर्मीका कारण दुई हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ ।

१६०० को दशकमा पेरुका माझीहरूले सामान्य रूपमा बुझेको 'एल निनो' आज आएर पृथ्वीकै सबैभन्दा ठुलो मौसमी सङ्कटको संवाहक बनेको छ । ऐतिहासिक तथ्याङ्क र सन् २०२६/२७ को वर्तमान भयावह चित्रले के स्पष्ट पार्छ भने जलवायु परिवर्तनका कारण एल निनोका घटनाहरू थप आक्रामक, अनपेक्षित र शक्तिशाली हुँदै गइरहेका छन् । नाम्चे बजार जस्तो उच्च हिमाली क्षेत्रमा देखिएको अस्वाभाविक तापक्रम वृद्धिले नेपालजस्तो संवेदनशील मुलुकमा यसले निम्त्याउने खडेरी, अनिकाल, वन डढेलो र ऊर्जा सङ्कटबाट बच्न राष्ट्रिय स्तरमा ठोस ध्यान जानु पर्ने देखिन्छ ।




सामान्य अवस्था : व्यापारिक हावाले तातो पानीलाई इन्डोनेसिया र अष्ट्रेलियातर्फ धकेल्छ ।
एल निनो अवस्था : व्यापारिक हावा कमजोर हुन्छ र तातो पानी दक्षिण अमेरिकाको तटीयतर्फ सर्छ ।




**सन्दर्भ स्रोतहरू :**

- विश्व मौसम विज्ञान सङ्गठन (WMO)
- राष्ट्रिय समुद्री र वायुमण्डलीय प्रशासन (NOAA)
- नासा (NASA)
- जल तथा मौसम विज्ञान विभाग (DHM), नेपाल
- द गार्डियन (The Guardian, 7 Feb, २०२६)
- द काठमाडौँ पोस्ट (The Kathmandu Post, 9 June, २०२६)
- सिभियर वेदर युरोप (Severe Weather Europe, 11 June, २०२६)
- भिजुअल क्यापिटलिस्ट (Visual Capitalist, 4 July, २०२६)
- नेपाल न्युज (Nepal News, 3 July, २०२६)
- हिमालयन टाइम्स (The Himalayan Times, 16 June, २०२६)
- The Farsight (16 June, २०२६)

# सीको आह्वान : एआईमा एक देशको प्रभुत्व नहोस्




साङ्घाई, १ साउन (एएफपी) । चिनियाँ राष्ट्रपति सी जिनफिङले कृत्रिम बौद्धिकता (एआई) को विकास कुनै एक देशको नियन्त्रण वा प्रभुत्वमा सीमित हुन नहुने बताउँदै यसको सुरक्षित, समावेशी र दिगो विकासका लागि अन्तर्राष्ट्रिय सहकार्य अपरिहार्य रहेको बताउनुभएको छ । विश्व आर्टिफिसियल इन्टेलिजेन्स सम्मेलन (डब्ल्युएआइसी) को उद्घाटन समारोहलाई शुक्रबार सम्बोधन गर्दै उहाँले एआईलाई प्रतिस्पर्धाको नभई, सहकार्यको माध्यम बनाउनुपर्नेमा जोड दिनुभयो ।

"एआईको विकास कुनै एक देशको एकल प्रदर्शन होइन, अन्तर्राष्ट्रिय सहकार्यको लय र ताल मिल्नुपर्छ", राष्ट्रपति सीले भन्नुभयो । उहाँले राष्ट्रिय सुरक्षाको नाममा एआई क्षेत्रमा विभाजन सिर्जना गर्ने वा कुनै एक देशको सुरक्षालाई अन्य देशको भन्दा माथि राख्ने प्रवृत्तिको संयुक्त रूपमा विरोध गर्नुपर्ने धारणा पनि राख्नुभयो ।

चिनियाँ एआई मोडेलहरूले कम लागत र प्रतिस्पर्धी क्षमताका कारण विश्व बजारमा प्रभाव बढाइरहेका बेला अमेरिका र युरोपेली सङ्घ (इयु) ले भने राष्ट्रिय सुरक्षाको कारण देखाउँदै चिनियाँ प्रविधिमाथि विभिन्न प्रतिबन्ध लगाएका छन् । उन्नत चिप, उच्चस्तरीय कम्प्युटिङ पूर्वाधार र अत्याधुनिक एआई प्रविधिमा पहुँचलाई लिएर अमेरिका र प्रमुख एआई कम्पनीहरूबिच पनि बहस तीव्र बन्दै गएको छ ।

प्रविधि विश्लेषण संस्था हेलो चाइना टेकका विश्लेषक पो झाओका अनुसार डब्ल्युएआइसी चीनको एआई उद्योगको दिशा बुझ्ने सबैभन्दा महत्त्वपूर्ण वार्षिक मञ्च हो । उहाँले अमेरिका अझै उन्नत चिप, उच्चस्तरीय कम्प्युटिङ क्षमता र ठूलो लगानीमा आधारित एआई विकासमा अग्रणी रहे पनि चीन त्यसको सबैभन्दा नजिकको र व्यापक प्रतिस्पर्धीका रूपमा उभिएको बताउनुभयो ।

चारदिने सम्मेलनमा एक हजारभन्दा बढी चिनियाँ प्रविधि कम्पनी सहभागी भएका छन् । सम्मेलनमा एआई कम्प्युटिङका लागि अत्याधुनिक सेमिकन्डक्टर प्रणाली, स्वायत्त रूपमा काम गर्न सक्ने स्मार्टफोन, एआई एजेन्ट तथा करिब तीन हजार नयाँ प्रविधि उत्पादन प्रदर्शनमा राखिएका छन् ।

राष्ट्रपति सीले एआईको विकास सधैँ मानव नियन्त्रणमै रहने सुनिश्चित गर्न कानूनी व्यवस्था, प्राविधिक निगरानी, प्रारम्भिक चेतावनी प्रणाली र आपत्कालीन प्रतिक्रिया संयन्त्र आवश्यक रहेको बताउनुभयो । उहाँले एआई विकासलाई 'जनकेन्द्रित' बनाउनुपर्नेमा पनि जोड दिनुभयो ।

यसअघि बिहीबार चिनियाँ विदेशमन्त्री वाङ यी तथा रुस, पाकिस्तान, इन्डोनेसियासहित २९ देशका प्रतिनिधिले अन्तरसरकारी एआई सहकार्य समूह स्थापना गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए । साङ्घाईस्थित विश्व आर्टिफिसियल इन्टेलिजेन्स सहयोग सङ्गठनमार्फत एआईको स्वस्थ, सुरक्षित र व्यवस्थित विकासका लागि सदस्य राष्ट्रबिच परामर्श र सहकार्य विस्तार गर्ने लक्ष्य राखिएको चिनियाँ सरकारी सञ्चारमाध्यमहरूले जनाएका छन् ।

सम्मेलनमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस, कम्बोडियाका प्रधानमन्त्री हुन मानेट तथा थाइल्यान्डका उपप्रधानमन्त्री अनुटिन चार्नविराकुललगायत अन्तर्राष्ट्रिय नेताहरू सहभागी हुनुहुन्छ ।

यसैबिच बेइजिङस्थित स्टार्टअप कम्पनी मुनशट एआईले शुक्रबार 'किमी के-३' नामक नयाँ एआई मोडेल सार्वजनिक गरेको छ । यसको क्षमता केही प्रमुख अमेरिकी एआई मोडेलसँग प्रतिस्पर्धा गर्न सक्ने दाबी गरिएको छ ।

यस वर्षको डब्ल्युएआइसीमा मिनीम्याक्सको एम-३ मोडेल, स्वायत्त एआई एजेन्टयुक्त पहिलो व्यावसायिक स्मार्टफोन तथा हुवावेको 'एटलस ९५० सुपरनोड' एआई प्रणाली पनि प्रमुख आकर्षण बनेका छन् । विश्लेषक झाओका अनुसार अब एआईको विकास केवल मोडेल निर्माणमा सीमित नरही दैनिक जीवनमा व्यापक प्रयोग हुने प्रणालीतर्फ केन्द्रित हुँदै गएको छ ।

चीनले चिप उत्पादनदेखि उपभोक्तास्तरसम्मको सम्पूर्ण एआई पारिस्थितिकी प्रणाली विकासलाई औद्योगिक नीतिको रणनीतिक प्राथमिकताका रूपमा अघि बढाएको छ । सरकारी तथ्याङ्कअनुसार चीनमा एआई प्रयोग मापन गर्ने 'टोकन' को दैनिक खपत पछिल्ला दुई वर्षमा एक हजार गुणाले बढेको छ ।

चिनियाँ एआई बजारको आकार सन् २०२५ मा १२० खर्ब युआन (एक खर्ब ७७ अर्ब अमेरिकी डलर) पुगेको थियो भने यस वर्ष ३० प्रतिशतभन्दा बढी विस्तार हुने अनुमान गरिएको छ । विश्व बौद्धिक सम्पत्ति सङ्गठन (डब्ल्युआइपिओ) का अनुसार सन् २०२४-२५ बिच एआईसँग सम्बन्धित ४३ हजारभन्दा बढी पेटेन्ट दर्ता भएका छन् ।

कम लागत, उच्च कार्यक्षमता र खुला स्रोत प्रणालीका कारण सिमेन्सलगायत अन्तर्राष्ट्रिय कम्पनीहरूले पनि चिनियाँ एआई मोडेल अपनाउन थालेका छन् । यसलाई ओपनएआई र एन्थ्रोपिकजस्ता अमेरिकी कम्पनीका बन्द प्रणालीको विकल्पका रूपमा हेरिन थालेको छ ।

# बर्नह्याम बेलायतको प्रधानमन्त्री बन्दै

लन्डन, १ साउन (एएफपी) । बेलायतको सत्तारूढ लेबर पार्टीले शुक्रबार विशेष सम्मेलनमार्फत अनुभवी राजनीतिज्ञ एन्डी बर्नह्यामलाई पार्टीको नयाँ नेता तथा देशको आगामी प्रधानमन्त्रीका रूपमा औपचारिक रूपमा पुष्टि गर्दैछ । संसदमा लेबर पार्टीको स्पष्ट बहुमत रहेकाले उहाँले सोमबार १० डाउनिङ स्ट्रिटमा किर स्टारमरको स्थान ग्रहण गर्ने तयारी गर्नुभएको छ । सांसदका रूपमा नौ वर्षपछि पुनरागमन गरेको चार सातामै उहाँ प्रधानमन्त्री बन्न लाग्नुभएको हो ।

छपन्न वर्षीय बर्नह्याम पछिल्लो एक दशकमा बेलायतको सातौँ प्रधानमन्त्री बन्नुहुनेछ । बेलायती राजनीतिमा आफ्नै दलका नेतामाथि सांसदहरूले दबाब सिर्जना गर्ने परम्पराकै निरन्तरतामा स्टारमरको बहिर्गमनपछि उहाँ नेतृत्वमा पुग्नुभएको हो ।

ग्रेटर म्यानचेस्टरका लगातार तीन कार्यकालका मेयर बर्नह्यामलाई 'उत्तरका राजा' भन्ने उपनामले पनि चिनिन्छ । लेबर नेतृत्वका लागि उहाँविरुद्ध कसैले चुनौती नदिएपछि निर्विरोध रूपमा नेता चयन हुनुभएको हो । यसअघि सन् २०१० र २०१५ मा क्रमशः एड मिलिब्यान्ड र जेरेमी कोर्बिनसँग पराजित भएपछि उहाँ तेस्रो प्रयासमा पार्टी नेतृत्वमा पुग्न सफल हुनुभएको हो ।

सन् २००१ देखि २०१७ सम्म सांसद तथा पूर्वसरकारी मन्त्री रहनुभएका बर्नह्यामले पछिल्ला वर्षहरूमा आफूलाई जनमुखी नेताका रूपमा स्थापित गर्नुभएको छ । सामाजिक सञ्जालको प्रभावकारी प्रयोग, सहज प्रस्तुति र सर्वसाधारणसँग प्रत्यक्ष संवाद गर्ने शैलीका कारण उहाँले व्यापक लोकप्रियता हासिल गर्नुभएको मानिन्छ ।

लेबर सांसदहरूले बर्नह्यामले स्टारमरभन्दा प्रभावकारी रूपमा जनतासँग संवाद गर्न सक्ने, जर्जर सार्वजनिक सेवामा सुधार ल्याउन सक्ने तथा सुस्त अर्थतन्त्रलाई पुनर्जीवित गर्न थप साहसी नीति अघि बढाउने अपेक्षा गरेका छन् । बुधबार पूर्वफुटबलर ग्यारी लिनेकरसँगको पोडकास्टमा उहाँले देशलाई आशा र आत्मविश्वासको नयाँ अनुभूति दिलाउनुपर्ने आवश्यकता औँल्याउँदै बेलायत सही दिशातर्फ फर्किरहेको अनुभूति जनतामा दिलाउनुपर्ने बताउनुभएको थियो ।

सन् २०२९ मा अपेक्षित आमनिर्वाचनअघि आप्रवासनविरोधी नाइजेल फराज नेतृत्वको रिफर्म युकेे पार्टीको बढ्दो प्रभाव रोक्न पनि बर्नह्याम नै लेबरका लागि सबैभन्दा बलियो विकल्प भएको पार्टीभित्र विश्वास गरिएको छ ।

स्टारमरले जुलाई २०२४ मा १४ वर्षपछि लेबरलाई सत्तामा फर्काउन सफल भए पनि त्यसपछि घरेलु नीतिगत विवाद, वासिङ्टनका लागि पिटर म्यान्डेल्सनलाई राजदूत नियुक्त गरेको निर्णय तथा स्थानीय निर्वाचनमा कमजोर प्रदर्शनले उहाँको नेतृत्व निरन्तर दबाबमा परेको थियो । मे महिनाको स्थानीय तथा क्षेत्रीय निर्वाचनको निराशाजनक परिणाम र त्यसपछि जुन १८ मा बर्नह्यामले संसदीय उपनिर्वाचन जितेपछि नेतृत्व परिवर्तनको माग तीव्र बनेको थियो । अधिकांश लेबर सांसदहरूले समर्थन फिर्ता लिएपछि स्टारमरले २२ जुनमा राजीनामा घोषणा गर्नुभएको थियो ।

पार्टीको नरम वामपन्थी धारबाट आउनुभएका बर्नह्यामले सांसदहरूको विश्वासप्रति गहिरो आभार व्यक्त गर्दै वेस्टमिन्स्टरकेन्द्रित शासनको सट्टा अधिकार र स्रोतलाई बेलायतका अन्य सहर तथा क्षेत्रसम्म विस्तार गर्ने आफ्नो प्राथमिकता रहेको बताउनुभएको छ । उहाँले राजधानी बाहिरका क्षेत्रलाई विकासमा समान अवसर उपलब्ध गराउने र समग्र अर्थतन्त्रलाई सर्वसाधारणमुखी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

यद्यपि प्रधानमन्त्रीका रूपमा उहाँले सुस्त अर्थतन्त्र, बढ्दो सरकारी ऋणको लागत, सार्वजनिक सेवा सुधार, साना डुङ्गामार्फत आउने अनियमित आप्रवासन तथा रिफर्म युकेको बढ्दो राजनीतिक प्रभावजस्ता चुनौती सामना गर्नुपर्नेछ । अमेरिका-इरान युद्धका कारण ऊर्जा बजारमा देखिएको अनिश्चितता र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नीतिगत उतारचढावले पनि उहाँको सरकारमाथि थप दबाब सिर्जना गर्न सक्ने विश्लेषण गरिएको छ ।

राजा चार्ल्स तृतीयसँग भेट गरी औपचारिक रूपमा पदभार ग्रहण गर्ने तयारीमा रहनुभएका बर्नह्यामले सन् २०२४ को चुनावी घोषणापत्रअनुसार मुख्य कर नबढाउने प्रतिबद्धता दोहोऱ्याउनुभएको छ । साथै रक्षा क्षेत्रमा चार वर्षभित्र आवश्यक चार दशमलव सात अर्ब पाउन्डको अतिरिक्त लगानीको स्रोत व्यवस्थापन गर्नुका साथै कल्याणकारी सुधारका जटिल विषयलाई पनि सन्तुलित रूपमा अघि बढाउनुपर्ने चुनौती उहाँसामु रहनेछ ।

## विश्व सङ्क्षेप

# अमेरिका-इरान वार्ता पुनः सुरु गर्न चीन र पाकिस्तानको आग्रह

साङ्घाई, १ साउन (एएफपी) । हर्मुज जलघाँटीमा पुनः युद्ध चर्किएसँगै चीन र पाकिस्तानले अमेरिका तथा इरानलाई तत्काल शत्रुता अन्त्य गरी वार्ता पुनः सुरु गर्न संयुक्त आह्वान गरेका छन् । दुवै देशले पछिल्ला महिनादेखि मध्यपूर्व सङ्कट समाधानका लागि मध्यस्थताको प्रयास गरिरहेका छन् ।

चिनियाँ विदेश मन्त्रालयका अनुसार चीनका विदेशमन्त्री वाङ यी र पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दारले शुक्रबार संयुक्त वक्तव्य जारी गर्दै वर्तमान अवस्था थप जटिल बन्दै गएकोमा गम्भीर चिन्ता व्यक्त गर्नुभएको हो । उहाँहरूले सबै सम्बन्धित पक्षलाई तत्काल युद्धविराम लागू गर्न र संवादको माध्यमबाट समाधान खोज्न आग्रह गर्नुभएको छ ।

वक्तव्यमा अमेरिका-इरानबिच गत जुनमा भएको प्रारम्भिक सहमतिलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा उल्लेख गर्दै त्यसलाई जोगाउनुपर्नेमा जोड दिइएको छ । विदेशमन्त्री वाङले उक्त सहमति 'कडा मेहनतपछि प्राप्त भएको उपलब्धि' भएको उल्लेख गर्दै शान्ति नजिक पुगेको अवस्थामा थप द्वन्द्वले त्यसलाई गुमाउन नहुने बताउनुभयो ।

यसैबिच शुक्रबार अमेरिका र इरानबिच फेरि आक्रमणको आदानप्रदान भएको छ । तेहरानले अमेरिकाले विमानस्थल, रेल स्टेशन र दुईवटा पुलसहितका नागरिक पूर्वाधारमा आक्रमण गरेको आरोप लगाएको छ । त्यसको प्रत्युत्तरमा इरानले कुवेतस्थित अमेरिकी सैन्य सुविधा तथा पूर्वाधारलाई लक्षित गरी ड्रोन आक्रमण गरेको जनाएको छ ।

गत जुनमा भएको अमेरिका-इरान सहमतिपछि केही समयका लागि हर्मुज जलघाँटी पुनः सञ्चालनमा आएको थियो । तर इरानले गत साता अमेरिकाले आफ्ना आक्रमण नरोक्दासम्म जलघाँटी पुनः बन्द गरिने चेतावनी दिएको थियो । त्यसपछि अमेरिकाले पनि इरानी बन्दरगाहहरूमा पुनः नाकाबन्दी लागू गरेको छ ।

चीन र पाकिस्तानले पछिल्ला घटनाक्रमले क्षेत्रीय तनाव थप बढाएको भन्दै दुवै पक्षलाई सैन्य टकरावबाट पछि हटेर कूटनीतिक वार्तामार्फत समाधान खोज्न पुनः आग्रह गरेका छन् ।

# युगान्डामा स्कूल बस दुर्घटना २१ जनाको मृत्यु

कम्पाला (युगान्डा), १ साउन (सिन्हवा) । पूर्वी युगान्डामा स्कूल बस दुर्घटना हुँदा २० जना स्कूले बालबालिकासहित कम्तीमा २१ जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको प्रहरीले शुक्रबार जनाएको छ ।

ट्राफिक र सडक सुरक्षा निर्देशनालयका प्रवक्ता माइकल कानानुराले विज्ञप्ति जारी गर्दै युगान्डाको राजधानी कम्पालाको किङ डेभिड जुनियर स्कूलका विद्यार्थी बोकेको बस काप्चोर्वा जिल्लाको चेकवाटित गाउँमा दुर्घटना भएको बताउनुभएको छ ।

प्रारम्भिक अनुसन्धानले विद्यार्थीलाई कप्चोर्वाको सिपी फल्सको शैक्षिक भ्रमणमा लगिएको अवस्थामा दुर्घटना भएको जनाइएको छ ।

भ्रमणबाट फर्कने क्रममा ड्राइभरले गाडीको नियन्त्रण गुमाउदा गाडी सडकबाट चिप्लिएर सडक किनारको ठूलो ढुङ्गामा ठोक्किँदा भएको दुर्घटनामा ठूलो मानवीय क्षति भएको कानानुराले पुष्टि गर्नुभएको छ ।

दुर्घटनाको वास्तविक कारणबारे थाहा पाउनको लागि प्रहरीले अनुसन्धान सुरु गरिसकेको बताइएको छ ।

# पेरुमा भ्यान दुर्घटना, १४ जनाको मृत्यु

लिमा, १ साउन (एएफपी) । उत्तरी पेरुको पहाडी क्षेत्रमा यात्रुवाहक भ्यान सडकबाट तल खोलामा खस्दा कम्तीमा १४ जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । दुर्घटनापछि उद्धार टोलीले कठिन परिस्थितिमा उद्धार तथा शव निकाल्ने कार्य जारी राखेको अधिकारीहरूले बताएका छन् ।

काजामार्का क्षेत्रअन्तर्गत राजधानी लिमाबाट करिब ८०० किलोमिटर उत्तरमा रहेको सान जुआन नगरपालिकाका संस्थागत सञ्चार प्रमुख रिकार्डो चिलोनका अनुसार दुर्घटनामा चालक र एक बालकसहित १४ जनाको मृत्यु भएको पुष्टि भएको छ । घाइते पाँच जनाको स्थानीय अस्पतालमा उपचार भइरहेको उहाँले जानकारी दिनुभयो ।

दुर्घटनापछि प्रहरी, अग्निनियन्त्रक र उद्धारकर्मीहरू तत्काल घटनास्थलमा पुगेका थिए । दुर्घटनामा परेको भ्यानमा सान जुआन जिल्लाबाट सियुडाड डे डिओसतर्फ गइरहेका १९ जना यात्रु सवार थिए ।

अग्निशमन विभागका अधिकारी एडसन रोमनले दुर्घटनास्थलमा उद्धार कार्य अत्यन्त कठिन भइरहेको बताउनुभयो । उहाँका अनुसार दुर्घटनाग्रस्त भ्यान खोलाभित्र अड्किएकाले अझै छ जनाको शव बाहिर निकाल्न बाँकी छ ।

दुर्घटनाको कारणबारे अनुसन्धान सुरु गरिएको छ । पेरुमा जीर्ण सडक, ट्राफिक नियमको कमजोर कार्यान्वयन तथा मानवीय त्रुटिका कारण यस्ता सडक दुर्घटना बारम्बार हुने गरेका छन् ।

आधिकारिक तथ्याङ्कअनुसार गतवर्ष मात्र पेरुमा सडक दुर्घटनाका कारण तीन हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो ।

# २०२५ साल साउन २ गते जालसाजीविरुद्ध भएको आन्दोलन

पीके प्रजापति

२०२५ साल साउन २ गते नवदुर्गा बहुमुखी सहकारी संस्थाको आह्वानमा भक्तपुर दरबारस्क्वायरको ५५ झ्याल दरबारअगाडि किसानहरू भेला भए । त्यो दिन संस्थाको साधारणसभाको आयोजना गरिएको थियो । त्यस सभाले स्थायी सञ्चालक समितिको चुनाव गर्ने घोषणा गरेको थियो । संस्थाको नियमअनुसार प्रत्येक ६/६ महिनामा साधारणसभा राख्नुपर्थ्यो र दुई वर्षको एक पटक सञ्चालक समितिको चुनाव गर्नुपर्थ्यो त्यस सम्बन्धमा बचतकर्ताहरूले सम्बधित विभागमा रिपोर्टहरू पेस गरे । तिनीहरूलाई मत दिने अधिकार थियो । तर, सभाको सुरुमै संस्थाका अध्यक्ष कृष्णभक्त चगुठीले सबै बचतकर्तालेे मत दिन नपाउने नियम जारी गरे । तब किसानहरूले प्रश्न गरे, सरकारले दिएको अधिकार तिमीले नदिने ? अपराधीहरू एउटा अपराध लुकाउन दोस्रो अपराध गर्छन् ।

संस्थाका अध्यक्ष चगुठी र उनका मतियारहरूले आफूले गरेको भ्रष्टाचार जनताबिच उदाङ्ग्याउन नदिन पहिले नै अर्को षड्यन्त्र गरेका थिए । आफ्नो कुरा मान्ने, धम्की र दरले तर्सने र सोझा किसानहरूको मात्र बचत तिरेको रसिद हस्तान्तरण गर्ने काम गरे । यस्तो षड्यन्त्रको भेद थाहा पाएपछि किसानहरूले दुइटा माग अघि सारे । सबै बचतकर्ताले मत दिन पाउनुपर्छ र आजको चुनाव स्थगित गर्नुपर्छ । तर, कृष्णभक्त चगुठीले भने, "रसिद हस्तान्तरण गर्न सूचना टाँसिसकेको छ । तपाईँहरू आउनुभएन । त्यसैले चुनाव स्थगित हुँदैन ।"

त्यो कुराले उपस्थित किसानहरू आक्रोशित भए । आफ्नो भ्रष्टाचार लुकाई आफ्ना मान्छे र सोझा किसानहरूको मात्र रसिद संस्थामा हस्तान्तरण गरी धाँधली गरेर चुनाव गराउन खोजेको प्रस्ट भयो । चुनाव स्थगित हुनैपर्छ भन्ने जनताको मागले दरबारस्क्वायर घन्किएको थियो । यसरी उनीहरूको कालो कर्तुत उदाङ्गिँदै गयो । जनसमूहको विरोधको कारण आफ्नो षड्यन्त्र सफल हुने नदेखेपछि अन्ततः षड्यन्त्रकारीहरूले चुनाव स्थगित गरेको घोषणा गरे । त्यतिञ्जेलसम्म सभा स्वाभाविक रूपमा चलेको थियो । तर, पछि एकातिर चुनाव स्थगितको घोषणा गरियो भने अर्कोतिर दरबारस्क्वायरकै कृष्ण मन्दिरको ठुलो घण्टी पछाडि प्रतिक्रियावादीहरूको घृणित षड्यन्त्र भइसकेको थियो ।

तिनीहरूले सोझा सिधा किसानहरूलाई निर्णय कापीमा सही गराए । निर्णय कापीमा साधारणसभाबाट नयाँ कार्यकारिणी समिति गठन भएको व्यहोरा लेखिएको थियो । उपस्थित किसान कार्यकर्ताले यसको सुइँको पाउनासाथ सञ्चालक समितिका सल्लाहकार विष्णुप्रसाद नेपाली, कर्मचारी विष्णुदास भैल र मेनेजर रामप्रसाद चाँदको खोजी गरे । तिनीहरूलाई निर्णय कापीसहित समातेर जनताको बिचमा उभ्याइयो । यता कृष्णभक्त चगुठी, बिकुलाल भैल र मेनेजर रामप्रसाद चाँडको खोजी भयो । तर, तिनीहरू सभा स्थलबाट भागिसकेका थिए । जिल्ला सभापति, भूमिसुधार अधिकारी र सहकारी मञ्चमा बसिरहेका तत्कालीन सी.डी.ओ. विभागका रजिस्टरलगायत मञ्च छाडेर भागेका थिए । पक्राउ परेका भ्रष्टाचारीहरूले अब आइन्दा जनतालाई धोका दिने छैन भनेर कबुल गरेपछि जनताले छोडिदिए र उपस्थित किसान जनताले आ-आफ्नो घर जान सल्लाह दिए ।

चीनको हुनान किसान आन्दोलनबाट भ्रष्टाचारीलाई सजाय दिएको स्मरण गर्दै यसले भ्रष्टाचारीलाई सचेत गर्न मद्दत पुगेको देखियो ।

भक्तपुर नगरमा २०२३ सालमा नवदुर्गा बहुमुखी सहकारी संस्था खोलिएको थियो । त्यसको अस्थायी सञ्चालक समितिका अध्यक्ष (मङ्गले) कृष्णभक्त चगुठी थिए । त्यस सहकारी संस्थाका अधिकांश पदाधिकारीहरूको विगतको गतिविधि जनविरोधी थियो । किसान भएर किसानवर्गकै शोषण गरिएको थियो । तिनीहरूले किसानबाट बचत भएको धान महँगोमा बेचे ।

संस्थाको उद्देश्य किसानहरूको लागि आवश्यक पर्ने रासायनिक मल, कीटनाशक औषधि, बीउ, पानी तान्ने कल (पम्प), धान चुट्ने कल (थ्रेसर) र अन्य कृषि उत्पादनको साधन खरिद गरेर सेवा सुविधा दिनुपर्ने थियो । तर, तिनीहरूले हेटौँडा, चितवनबाट काठ, तोरी, मकै आदिका व्यापार गरेका थिए ।

उनीहरूले नाफा कमाउने काम गरे । संस्थामा आफ्नो मान्छेलाई नियुक्त गर्ने र नातेदारलाई शेयर दिने काम गरे । अस्थायी सञ्चालक समितिको बैठकमा जलपानमा बढी खर्च देखाएर मनपरी गर्थे । यसबारे किसानमाझ व्यापक चर्चा भयो । यसरी उनीहरूले किसानहरूको रगत पसिनामा रजाइँ गरे । त्यस्तो गतिविधि किसानहरूको निम्ति असह्य भयो ।

## लघु कथा

# सार्वभौमिकता

निसान

देशकै एउटा नमुना प्रतिष्ठित कलेज थियो । त्यो कलेजमा नव आगन्तुक विद्यार्थीहरूको अभिमुखीकरण कार्यक्रम हुँदै थियो । नव आगन्तुक विद्यार्थीले खचाखच भरिएको उक्त कार्यक्रममा देशको भविष्यका निर्माता विद्यार्थी भाइ बहिनी र शासकहरूलाई देशको कमजोर अवस्थालाई सङ्केत गरेर सचेत पार्दै प्रमुख अतिथिले भन्नुभयो, "सार्वभौमिकता भनेको त्यस्तो शक्ति हो, जसले भित्री या बाहिरी कुनै पनि शक्तिको अगाडि झुक्दैन । त्यस्तो देशमात्र सार्वभौम हुन्छ । हाम्रो देशका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसद, सेना, प्रहरी, कर्मचारी आदिमा यसको अभाव हुँदा देशले यो दुर्गति भोग्नुपर्‍यो । विदेशीको थिचोमिचो, हस्तक्षेप, धम्की बढेको बढेकै छ । हाम्रा सरकारहरू विदेशीसामु झुकेका छन् । उनीहरूले एससीसीसँग लड्ने हिम्मत गर्न सकेका छैनन् । उनीहरू आफ्नो खुट्टामा उभिन सकेका छैनन् । बस भन्यो बस्यो, उठ भन्यो उठ्यो । किन बस्ने ? किन उठ्ने ? भनेर प्रश्न गर्ने हिम्मत उनीहरूले गर्न सकेका छैनन् । त्यसैले डराउने होइन, बरु लड्ने हो । विदेशीसँग देशको हितमा आफ्नै खुट्टामा उभेर अडान राख्ने हो ।

प्रमुख अतिथिको निश्चल, निडर, देशभक्ति भनाइ सुनिरहेका शिक्षक, प्राध्यापक साथीहरू एक आपसमा हेराहेर भए । त्यसमध्ये विश्वको इतिहास र परिवर्तनमा चाख राख्ने एक शिक्षकले भनिहाले, "यस्तै सार्वभौम र देशभक्ति भावना, शक्ति भएर नै इरानले विश्वलाई हुकुम, साम्राज्य चलाइरहेको अमेरिकालाई तावामा परेको माछाजस्तै बेचैन पारिदिएको छ । संरा अमरिका न त अगाडि बढ्न सक्ने अवस्थामा छ न त पछाडि भाग्न सक्ने अवस्थामा छ । पहिरोमा ठुलो ढुङ्गाले च्यापेको मान्छेजस्तो भएको छ । इरानी सरकार, सेना र जनता एक ढिक्का भएर आक्रमणकारी अमेरिकासँग लडिरहेका छन् । जसरी हिजो भियतनामी जनता, कोरिया र चिनियाँ जनता लडेका थिए । हतियार मुख्य होइन, देशभक्त भावना, विचार मुख्य हो भन्ने कुरा यसले पनि पुष्टि गरेको छ । भूगोल पनि हतियार हुन सक्छ भन्ने कुरा देखाएको छ । यसरी अमेरिका इरानको अगाडि झुक्न बाध्य हुँदै छ । सेनामा यस्तै देशभक्त भावना नहुँदा, विदेशीको गोटी गुलाम भइदिँदा सद्दाम हुसेन, कर्णेल गद्दाफीले वीरगति प्राप्त गरे । मादुरो दम्पत्ति अपहरणमा परे ।"

अर्को प्राध्यापक साथीले पनि थपे, "नेपाली सेनामाथि पनि यस्तै प्रश्न उठेको छ । आफ्नै नाकमुनि देशको महत्त्वपूर्ण ऐतिहासिक सम्पदा सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन, राष्ट्रपति भवन आदि जलाउँदा पनि, तोडफोड गर्दा पनि बुँख्याचाजस्तो भए । जेलमा हुनुपर्ने देशका सम्पत्ति जलाउने, अपराधी, मतियारहरू नै आज सरकार र संसद्मा छन् । ती सम्पदा सैनिक मुख्यालयभन्दा पनि बढी महत्त्वपूर्ण प्रशासनिक केन्द्र हुन् । ती सम्पत्तिलगायत देशभरका प्रहरी कार्यालयहरूमा एकैचोटि आगो लगाउने देशभक्त नेपाली युवा, विद्यार्थी हुनै सक्दैनन् । उनीहरू नेपाली अनुहारका विदेशीद्वारा पालित-पोषित, परिचालित देशघातीहरू हुन् । यस्तो काम अमेरिका र भारतबाहेक कसैले गर्न सक्दैन, जुन घटनाक्रमले पुष्टि हुँदै आएको छ । त्यसैले हाम्रो देश पनि इरान, चीन, उत्तर कोरियाजस्तो हुनु आवश्यक छ । शान्ति भए शान्ति, युद्ध भए युद्ध, होइन सरहरू ?"

त्यो त सही हो भन्दै कार्यक्रम सकेकोले सबै शिक्षक, प्राध्यापक साथीहरू चियापानमा सघाउन त्यहाँबाट हिँडे ।

## कविता

# कसको तागतमा देश जलायौ ?

प्रीति

पैतीस वर्षयताका असफल प्रमहरू
क्रान्तिकारी दाबी गर्छौ किन ?
देश जलाइएको रोक्न नसक्नेहरू
हेलिकप्टरमा भागेका किन होइनन् ?
कोही ब्यारेकमा लुकेका किन होइनन् ?
सहिदको जीवनी अध्ययन
के यही अवस्था ल्याउन हो ?

ए नयाँ भन्नेहरू !

कसको तागतमा देश जलायौ ?
कसको भरमा चुनाव जित्यौ ?
आफ्नो सम्पत्ति छानबिन नगर्नेसँग
अरुको छानबिन गर्ने अधिकार कसरी हुन्छ ?
नेपालले भारतको सीमा मिचेको छ
भन्न कसले लगाए
नेपालीलाई बिजुली पुगेको छैन
भारत पठाउने किन ?

# चुपचाप घण्टी छाप

साहिँला

चुपचाप घण्टी छाप
जनतालाई दिए ग्याँस हाफ
सारा जनतालाई महँगीको मार
कालाबजारियालाई लाभैलाभ ।

चुपचाप घण्टी छाप
विध्वंसकारीहरूको यो सरकार
सहकारी ठगहरूलाई पुरस्कार
रास्वपालाई सुन पार्टीको लाहा छाप ।

चुपचाप घण्टीमा छाप
सीमा मिच्दा चुपचाप
नेपालले भारतको जग्गा मिचेभन्दा
विवेकहीनहरूले ताली बजाए खुसीसाथ ।

चुपचाप घण्टीमा छाप
हिरामोती अकुत जग्गाका मालिक
रोपाइँको बेला सधैँ हाहाकार
रासायनिक मलको अभावै अभाव ।

चुपचाप घण्टी छाप
सुकुमवासी सब उठीबास
हुकुमवासीहरूलाई काखीच्यापी
भए भ्रष्टाचारीका मतियार ।

चुपचाप घण्टी छाप
वनजङ्गल अहिले झन् सखाप
बिचौलिया ठगी गर्ने कम्पनी
मन्त्रालयको आसपास ।

चुपचाप घण्टी छाप
सार्वजनिक सङ्घसंस्था विदेशीलाई उपहार
चिया उद्योगहरू सबै धराप
दक्षिण छिमेकीको दबाब ।

चुपचाप घण्टी छाप
एमसीसी, एसपीपीका मतियार
देशलाई धरापमा पार्ने
विदेशी दलाल यो सरकार ।

चुपचाप घण्टी छाप
सुस्तावासीलाई एसएसबीको दबाब
जनताको रोजीरोटी खोसी
आत्मदाहको उपहार ।

चुपचाप घण्टी छाप
यो सरकारको अहमताको राज
स्थानीय निकाय घटाउँदै
राष्ट्रिय सभामा दल सखाप ।

चुपचाप घण्टी छाप
मतदातालाई धन्यवाद
सार्वजनिक जग्गा हडपिरहने
मासुभातले पल्केको स्याल ।

# बेहोसीबाट बिउँझेका सपनाहरू

न्हुछेरत्न वुद्धाचार्य

भोकको वेदनाको
करुण स्वर !
अँध्यारो सडकमा
गुञ्जिरहेका छन्

पेटीजस्तै सधैँ
पाउमुनि कुल्चिएका छन्
यो अत्यासलाग्दो पथमा
उजाड फुटपाथमा सुतेका छन्

पुरानो अखबार ओढेर
अखबार जसको
छातीमा छापिएका छन्
ठुलठुला अक्षरमा
बाल दिवसमा
मिठाइ पुरस्कार वितरण !

अनि, चलमलाउँछ
प्रत्येक पीडाका
घाउ घाउबाट निस्केका
कष्टपूर्ण व्यथाले

उत्पीडनका आवाजहरू
उठिरहेका छन्
यो अभावै अभावले
घेरिएको बस्तीमा

यो पवित्र भूमिका
पुत्र पुत्रीहरू
भोकमा डुबेको आँगनमा
आशाको दियो बालेर

यो जनयुगमा
बेहोसीबाट बिउँझेका
भोलिका सपनाहरूको
विकराल समस्याबाट मुक्त हुन
युगान्तकारी परिवर्तनको प्रतिक्षामा छन्
यो आकाश यो धरतीमा !

# एउटी माग्ने

जयन्त पौडेल
'आश्रम'

हेर्नोस् पुस माघको महिना
थियो जाडै अति
यस्तोमा देखेँ एउटी माग्ने
ज्यास्ती रोई बसेकी ।१।

यसो जाऔँ भनी हेर्दा
देखेँ ज्यादै दुःखी
दयै लाग्नुसम्मै लाग्ने
अरुलाई नलागेनि ।२।

जसै खान पाइन उनले
हेरिन् पटक पटक,
साथै थियो एउटा बच्चा
जो लुरे ख्याउटे ।३।

पछि खाना खाई सकी,
भनी हजूरको जय,
जहाँ थियो आँखै रसाएको,
हेर्दै हेर्न नसकिने ।४।

देखी लाग्यो केही गरेँ,
साँच्चिकै मानव भई
लाग्यो बल्ल भएँ म
आफू आफैमा पूर्ण ।५।

बुझौँ दिएर कहिल्यै सकिन्न,
बरु मनै चाहिन्छ,
अनि पो आनन्दै आनन्द मिल्छ
आँखै खुल्नु खुली ।६।

# सभ्यताको बग्दो ऐना

सत्य सुवाल

खोला केवल बग्ने पानी होइन,
यो ढुङ्गा र बालुवाको मात्र कहानी होइन ।
यो त बगिरहेको पावन हिन्दू सभ्यता हो,
हाम्रो सनातन चिनारी र अमर विरासत हो ।
यहीँ दोभानमा हुन्छन् देवकार्य र पितृका तर्पण,
त्रिवेणीमा चल्छन् श्रद्धा र आस्थाका पवित्र अर्पण ।
हनुमन्तेको काख र खासाङखुसुङको यो फेरो,
सजाउँदै छन् आज आफ्नै इतिहासको नयाँ सवेरो ।
हिजो यता र उता अल्झिएका अवरोध र तगारोहरू,
हटे आज सबै, फेरिएका छन् बग्ने धार र किनाराहरू ।
चोखिन त बाँकी नै छ जल, तर बाटो पाउँदा यो हाँसेको छ,
नाच्दै र रमाउँदै, आफ्नै सुरमा सुसाएको छ ।
बिहान सबेरै, काग नकराउँदै ल्याइने चोखो पानी,
त्यही जलले सुरु हुन्छ सनातन धर्मको पवित्र जिन्दगानी ।
माघ महिनाको ठन्डीमा, स्वस्थानीको त्यो कठिन व्रत,
नदीकै किनारमा पूरा हुन्छ भक्तिको दिव्य सङ्कल्प ।
घाटैमा छ ब्रह्मढुङ्गा, जहाँ जीवनको अन्तिम श्वास अडिन्छ,
त्यही खोलाको जलले ओठ भिजाइ, आत्माले मुक्ति रोज्छ ।
विसर्जित ती केश अनि जुनी जोख्ने अन्तिम विधान,
यिनकै काखमा सेलाइन्छ, अनि सुरु हुन्छ महाप्रस्थान ।
चाहे देवघाटको सङ्गम होस्, चाहे हरिद्वारको त्यो घाट,
गंगोत्री, प्रयागराज या द्वारिकाको भव्य ठाट ।
संसारका सारा तीर्थ, सारा ध्यान र सारा ज्ञान,
खोलाकै किनारमा जागे, खोलाकै धारमा पाए पहिचान ।
यो भौतिक रूपमा जीवनको तिर्सना मेट्ने मूल हो,
आध्यात्मिक रूपमा भने यो भव्य सागर तार्ने कुल हो ।
खोला नै हो जीवनको चक्र, खोला नै हो संसार,
अविरल बगिरहोस् यसको स्वच्छता र चेतनाको धार !

# साउन महिमा

चन्द्रलाल भोमी

कतै भेल अनि बाढी पहिरोको बेला,
कतै सोमबार भक्तपुरको दत्तात्रय मेला ।
शिवधाममा मेला लाग्छ साउन प्यारो छ,
बोलबमको पनि बेला छ शिवकै महिमा छ ।

शिवजीको तान्डवनृत्यको महिना यही छ,
हलाहल विषको पीडामुक्ति शिवको छ ।

प्यारो यसैले शिवको महिना साउन छ,
लुतो फाल्ने दिन भनी साउन सङ्क्रान्ति प्रख्यात छ ।

आर्थिक वर्षको जोश छ, जाँगर पनि चलेको हुन्छ,
हरियोमा सजिने चाहना नारीको पनि पूरा हुन्छ ।
पर्वहरू छन् गठेमङ्गल अनि नागपञ्चमी पनि,
क्वाती पूर्णे अनि ब्याँजा नकेगु संस्कृति पनि ।

# २९ देशद्वारा विश्व एआई सहयोग सङ्गठनको स्थापना सम्झौतामा हस्ताक्षर




साङ्घाई, १ साउन (क्यूएनए) । विश्वका २९ वटा देशहरूले साङ्घाईमा विश्व कृत्रिम बुद्धिमत्ता ( एआई) सहयोग सङ्गठन स्थापना गर्ने सम्झौतामा हस्ताक्षर गरेको जनाइएको छ ।

सम्झौताका सर्तहरू अनुसार “वर्ल्ड आर्टिफिसियल इन्टेलिजेन्स कोअपरेशन अर्गनाइजेसन” एउटा स्वतन्त्र अन्तरसरकारी अन्तर्राष्ट्रिय सङ्गठन हुनेछ जसको मुख्यालय साङ्घाईमा रहने छ ।

चीनमा आयोजित सन् २०२६ को विश्व एआई सम्मेलन तथा “ग्लोबल एआई गभर्नेन्स” सम्बन्धी उच्चस्तरीय बैठकको अवसरमा उक्त सम्झौतामा हस्ताक्षर गरिएको थियो ।

चिनियाँ विदेशमन्त्री वाङ्ग यीले चीन सरकारको तर्फबाट कजाकिस्तान, लाओस, पाकिस्तान, रूस र इन्डोनेसियासहित २९ वटा देशका प्रतिनिधिहरूले सम्झौतामा हस्ताक्षर गरी सङ्गठनको संस्थापक सदस्य भएको बताउनुभएको छ ।

हस्ताक्षर समारोहमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायत विभिन्न देश र अन्तर्राष्ट्रिय संस्थाहरूका प्रतिनिधिहरू सहभागी रहेको जनाइएको छ ।

सम्झौता अनुसार, नव गठित सङ्गठनले संयुक्त राष्ट्र सङ्घको बडापत्रको उद्देश्यलाई समर्थन तथा आत्मसाथ गर्नेछ भने सार्वजनिक लाभका लागि आवश्यक परामर्श र संयुक्त योगदानलाई बढावा दिई जनकेन्द्रित दृष्टिकोणबाट सञ्चालित हुनेछ ।

सङ्गठनको उद्देश्य अन्तर्राष्ट्रिय सहयोग र विश्वव्यापी शासनलाई सुदृढ पारी एआईलाई फाइदाजनक, सुरक्षित र निष्पक्ष भएको सुनिश्चित गर्नु तथा सम्पूर्ण मानवताको फाइदाको लागि यसको स्वस्थ र व्यवस्थित विकासलाई बढावा दिनुभएको जनाइएको छ ।

# अमेरिकी निर्वाचनमा हस्तक्षेप गरेको अमेरिकी दाबी ‘पूर्ण कपोलकल्पित’ : चीन

पेइचिङ, १ साउन (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनले अमेरिकी निर्वाचनको तथ्याङ्कमा हस्तक्षेप गरेको बताएपछि शुक्रबार पेइचिङले आरोप ‘कपोलकल्पित’ भएको भन्दै खण्डन गरेको छ ।

‘मिडटर्म’ निर्वाचनअघि ट्रम्पले मतदाता ठगीबारे आफ्नो पुरानो र आधारहीन दाबीलाई दोहोऱ्याएका थिए । धेरैले यसले ट्रम्पलाई थप विवादित बनाउने अपेक्षा गरिरहेका छन् ।

राष्ट्रपति ट्रम्पले बिहीबार ह्वाइट हाउसमा गरेको सम्बोधनमा अमेरिकी निर्वाचन प्रणाली जोखिममा रहेको बताएका थिए भने उनले कानुन निर्माताहरूलाई मतदानमा नयाँ प्रतिबन्धहरू लागू गर्न आह्वान गरेका थिए । यद्यपि उनको आफ्नै रिपब्लिकन पार्टीभित्र पनि यी उपायहरूबारे खासै रुचि राखेको देखिएको छैन ।

अमेरिकी राष्ट्रपति ट्रम्पले चीनले अवैध रूपमा २२ करोड मतदाता फाइलहरू प्राप्त गरेको देखाउने खुफिया जानकारीलाई गोप्य नराख्ने बताए ।

“अमेरिकी पक्षबाट गरिएका सम्बन्धित दाबीहरू पूर्ण रूपमा कपोलकल्पित र दुर्भावनापूर्ण आरोपहरू हुन् जुन पहिले नै आधारहीन साबित भइसकेका छन्,” चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले ट्रम्पको पछिल्लो दाबीबारे सोध्दा पत्रकार सम्मेलनमा भन्नुभयो ।

“चीनलाई अमेरिकी निर्वाचनमा कुनै चासो छैन र कहिल्यै हस्तक्षेप गरेको छैन,” लिनले भन्नुभयो ।

“कसले नियमित रूपमा अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने बानी राख्छ भन्ने अन्तर्राष्ट्रिय समुदायले स्पष्ट रूपमा देखेको छ,” उहाँले भन्नुभयो ।

“हामी अमेरिकी पक्षलाई आफ्नो कार्यको आत्मनिरीक्षण गर्न, चीनमाथि आधारहीन आरोप लगाउन बन्द गर्न, आफ्नो निर्वाचनबारेमा चीनलाई मुद्दा बनाउन रोक्न र चीन-अमेरिका सम्बन्धलाई फाइदा पुऱ्याउने काम गर्न आह्वान गर्दछौँ,” उहाँले थप्नुभयो ।

सन् २०२० को निर्वाचनमा धाँधली भएको ट्रम्पको दाबी कहिल्यै प्रमाणित भएको छैन । करिब ६० भन्दा बढी मुद्दाहरूमा कुनै अदालतले निर्वाचनको नतिजा बदल्न सक्ने ठगी भएको फैसला गरेको छैन । पुन:गणना, अडिट र उनको आफ्नै न्याय विभागले पनि यस्तो केही फेला पार्न सकेको छैन ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ५८

**जिल्ला प्रशासन कार्यालय धनुषा**

२०८२ भदौ २३ र २४ गते भएको घटनामा बल प्रयोग गरिएको थिएन । बल प्रयोग नभएको कारण धनुषा जिल्लामा कुनै पनि व्यक्ति घाइते भएन । प्रदर्शनमा आएका विभिन्न समूहबाट व्यक्तिका निजी सम्पत्तिमाथि आक्रमण गरेर घरहरू जलाउने काम भएको थियो । उक्त विषयमा सम्पूर्ण विवरणका मुचुल्का जिल्ला प्रहरी कार्यालय र कार्यालय मातहतका निकायहरूबाट गरिएको हो । ती मुचुल्काहरू सम्बन्धित निकायमा सुरक्षित नै छन् ।

**सुरक्षा निकायहरूको परिचालन र समन्वय**

निजी र सार्वजनिक सम्पत्तिमा क्षति पुगे तापनि कुनै किसिमको मानवीय क्षति हुन पाएन ।

**जिल्ला प्रशासन कार्यालय रौतहट**

२०८२ भदौ २३ गते चन्द्रपुर, फतुवा, विजयपुर, कटहरिया, गरुडा न.पा.का भवनहरू आन्दोलनकारीले आगजनी गरी क्षति पुऱ्याए । त्यसैगरी, मौलापुर, बोधीमाई, गौर, परोहा नपामा पनि आगजनी गरी कार्यालय भवनमा आंशिक क्षति पुऱ्याए । मौलापुर, बन्द्रपुर, गरुडा नपाको केही सवारी साधनसमेत जलाइएको अवस्था छ । सरकारी कार्यालयहरू चन्द्रपुरमा इलाका प्रहरी कार्यालय भवन, सडक डिभिजन कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, जिल्ला वन डिभिजन कार्यालय, प्रदेश कोलेनिकामा आगजनी गरी भवन र सवारी साधन क्षति भएको अवस्था छ । वृन्दावन, गढीमाई, माधवनारायण न.पा.का केही वडा कार्यालयमा सामान्य क्षति भएको छ । व्यक्तिगत भवनतर्फ स.प्र.जि.अ. किरणनिधी तिवारीको घरमा क्षति, गरुडाको मेयर कन्थमनीको घरबाट सरसमान लुटी लगेको अवस्था छ । २३ गते जिल्ला प्रशासन कार्यालय गौर, जिल्ला अदालतलगायतका कार्यालयमा सयौँको सङ्ख्यामा आएका आन्दोलनकारीले आगजनी तथा तोडफोडको प्रयास गरे ।

भदौ २४ गते राति सेना परिचालन भएपश्चात् यस जिल्लामा कुनै विशेष क्षति भएन ।

**सुरक्षा निकायहरूको परिचालन र समन्वय**

सुरक्षा फौजको प्रयासका बाबजुद सदरमुकामबाट टाढा रहेका न.पा.मा प्रदर्शनकारीहरूबाट क्षति पुऱ्याइएको अवस्था छ ।

२४ गते दिउँसो १:३० बजेबाट ४:४५ बजेसम्म प्रदर्शनकारीहरूले पटक-पटक जिल्ला प्रशासन कार्यालय परिसरभित्र पसेर तोडफोड गर्ने प्रयास गरे तापनि न्यूनतम बल प्रयोग गरेको कारण सदरमुकाममा कुनै क्षति भएको अवस्था छैन । राति करीब १०:३० बजे केही कैदीबन्दी जिल्ला कारागार कार्यालयबाट भागे पनि तत्काल सुरक्षा फौजले नियन्त्रणमा लिएको अवस्था छ । यद्यपि, करिब १:३१ बजे (२९१ जना कैदीमध्ये) केही कैदी फरार भएका हुन् ।

# काठमाडौँ उपत्यका डुबान : मुख्य निकास साँघुरिँदा बढ्दो सास्ती

काठमाडौँ, १ साउन । अनामनगर, नयाँ बानेश्वर, जमल, रानीवन तथा सिंहदरबारलगायत आसपासको क्षेत्र सामान्य वर्षामा पनि डुबानमा पर्ने क्रम रोकिएको छैन ।

बिहीबार मध्याह्नको वर्षापछि सो क्षेत्र जलमग्न हुँदा सवारी आवागमन प्रभावित बन्यो । यात्रुले लामो समय ट्राफिक अवरोधका कारण सास्ती व्यहोर्नुपर्यो ।

यस प्रकारका समस्या बर्सेनि दोहोरिने गरेको भए पनि दीर्घकालीन समाधान हुनसकेको छैन । काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रवक्ता प्रकाशकुमार राईले माइतीघर क्षेत्र ओरालोमा पर्ने भएकाले बगेर आएको पानी सोही क्षेत्रमा जम्मा हुने गरेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “माइतीघर क्षेत्रको ढल टुकुचा खोलातर्फ निकास हुने भए पनि वर्षाको समयमा टुकुचामा पानीको सतह बढेपछि ढलको पानी सहज रूपमा बग्न पाउँदैन । त्यसले सडकमा पानी जम्ने गरेको बताउनुभयो ।” “मुख्य समस्या ढल निकास प्रणालीमै छ । पुराना पाइप साना छन्,” प्रवक्ता राईले भन्नुभयो ।

उक्त क्षेत्रमा रहेका अधिकांश ढलका पाइप पुराना, साँघुरा र तिनको क्षमता वर्षामा परेको पानीको बहाव धान्न पर्याप्त छैन । माइतीघर, न्यूप्लाजा र सिंहदरबार आसपासको ढल व्यवस्थापनलाई एकीकृत रूपमा सुधार सम्बन्धमा छलफल भए पनि विस्तृत योजना कार्यान्वयन हुनसकेको छैन ।

तीव्र सहरीकरण, वर्षाको पानी छुट्टै निकास गर्ने प्रणालीको अभाव, पुराना ढलको सीमित क्षमता तथा नदी-खोलाको प्राकृतिक बहाव साँघुरिँदै जानु राजधानीमा डुबानको समस्या बढ्नुका प्रमुख कारण हुन् । ***रासस***

# करार कर्मचारी व्यवस्थापन सेवानिवृत्तलाई बिदाइ

काठमाडौँ, १ साउन । सरकारले कुनै सरकारी सेवाबाट अवकाश र उपदान प्राप्त गरेका वा निवृत्तिभरण पाइरहेका करारमा कार्यरत कर्मचारीलाई शुक्रबारदेखि सेवा निरन्तरता नगरी बिदाइ गर्ने भएको छ ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रबार सबै सरकारी निकायलाई सातबुँदे परिपत्र गर्दै हाल करारमा कार्यरत कर्मचारीलाई अर्को व्यवस्था नभएसम्मका लागि सम्बन्धित निकायमै करार सम्झौता गरी पूलमा राख्न निर्देशन दिएको छ । यसको एकीकृत विवरण भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अद्यावधिक गर्नेछ ।

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएपछि सम्बन्धित निकायले पूलमा राखिएका कर्मचारीमध्येबाट आवश्यकताअनुसार काममा लगाउनुपर्नेछ । नयाँ स्थापना भएका निकायमा सिर्जना हुने दरबन्दीमा वा कुनै निकायमा रिक्त भएको दरबन्दीमा करारमा काममा लगाउनुपर्ने भएमा नयाँ व्यक्तिलाई करारमा नलिई विभिन्न निकायमा पूलमा रहेका करारका कर्मचारीलाई सामान्य प्रशासन मन्त्रालयमार्फत माग गरी करार सम्झौता गरी काममा लगाउनुपर्नेछ ।

विभिन्न मन्त्रालयअन्तर्गतका एकीकरण वा खारेज हुने निकायको हकमा एकीकरण वा खारेजीको प्रक्रिया नटुङ्गिएसम्म सम्पत्तिको संरक्षण, सुरक्षा र सम्पत्ति तथा दायित्वको हस्तान्तरण एवं फरफारक गर्ने प्रयोजनका लागि आवश्यक पर्ने न्यूनतम जनशक्ति सम्बन्धित मन्त्रालयले यकीन गरी हाल सोही निकायमा करारमा कार्यरत कर्मचारीमध्येबाटै काममा लगाउने परिपत्रमा उल्लेख छ ।

पूलमा बाँकी रहने करारका कर्मचारीका सम्बन्धमा आवश्यक व्यवस्था गर्न, आगामी दिनमा करारमा कर्मचारीलाई काममा लगाउँदा गरिने करार सम्झौतामा समेट्नुपर्ने न्यूनतम सेवासुविधाका सर्तका सम्बन्धमा र हाल करारमा कार्यरत कर्मचारीलाई स्वीकृत दरबन्दीबमोजिम करारमा काममा लगाउन नसकी सम्झौता अन्त्य गर्नुपर्दा उपलब्ध गराइने सेवासुविधाका सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयले एक महिनाभित्र अध्ययन गरी उपयुक्त विकल्प सिफारिस गर्ने मन्त्रालयका शाखा अधिकृत सञ्जिव नेपालद्वारा जारी परिपत्रमा उल्लेख छ ।

गत असार ३२ को मन्त्रिपरिषद्ले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबाट कटौती हुने सरकारका विभिन्न मन्त्रालय र मातहतका कार्यालयमा स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीको व्यवस्थापन गर्ने निर्णय गरेको थियो । ***रासस***

# वर्षाका कारण विभिन्न राजमार्ग प्रभावित

काठमाडौँ, १ साउन । अविरल वर्षाका कारण देशका विभिन्न राजमार्गमा पहिरो, ढुङ्गा खस्ने तथा हिलोका कारण यातायात प्रभावित भएको छ ।

नेपाल प्रहरीका अनुसार मकवानपुरको कान्तिलोकपथ भने पहिरो पन्छाएपछि शुक्रबार बिहानदेखि पूर्ण रूपमा सञ्चालनमा आएको छ ।

मकवानपुरको बकैया गाउँपालिका-११ घट्टेपाखास्थित कान्तिलोकपथ सडकखण्डमा बुधबार साँझ सडकमाथिबाट पहिरो खस्दा यातायात पूर्ण रूपमा अवरुद्ध भएको थियो ।

काभ्रेपलाञ्चोक-सिन्धुली जोड्ने खुर्कोट-नेपालथोक-कटुन्जेबेँसीस्थित बिपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई दृष्टिगत गर्दै बेलुका ६:०० बजेदेखि बिहान ४:०० बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ ।

गुरुहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा